# वर्गदृष्टि


Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क २७ पूर्णाङ्क २६५ | २०७८ पुस १९ गते सोमबार | Monday, 3 Jan., 2022 | पृष्ठ ८ | मूल्य रू. १०।–


## क्रान्तिकारी माओवादी काठमाडौंद्वारा श्रद्धाञ्जली व्यक्त

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौं जिल्ला समितिले पार्टीका जिल्ला सदस्य तथा अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघका काठमाडौं जिल्ला अध्यक्ष मिनकुमार रानामगरका पिता अर्जुन रानामगरको निधनमा एक शोक वक्तव्य जारी गरि श्रद्धाञ्जली व्यक्त गरेको छ ।

पार्टीका जिल्ला सेक्रेटरी अमरले जारी गरेको वक्तव्यमा मृतक अर्जुन रानामगरप्रति श्रद्धाञ्जली व्यक्त गर्दै पार्टीका जिल्ला सदस्य मिनकुमार रानामगर लगायत शोकसन्तप्त परिवारजनप्रति हार्दिक शुभकामना व्यक्त गरिएको छ ।


नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)

मिति: २०७८।०९।१५

शोक वक्तव्य !

हाम्रो महान तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी ) काठमाडौं जिल्ला समितिका सदस्य एवं अखिल नेपाल क्रान्तिकारी सुकुम्वासी संघ काठमाडौं जिल्ला अध्यक्ष क. मीन कुमार रानामगरको पिता अर्जुन रानामगरको ८४ वर्ष को उमेरमा आफ्नै निवास थापाथलीमा दुःखद निधन भएको खबरले हामी स्तब्ध भयकाछौं । यो दुःखद घडीमा बुवा अर्जुन रानामगर प्रति हार्दिक श्रदान्जली अर्पण गर्दै क मीन कुमार रानामगर लगायत वहाको शोक सन्तप्त परिवारजन तथा आफन्तजनहरुमा हार्दिक समवेदना प्रकट गर्दछौ ।

कमरेड अमर
सेक्रेटरी

# प्रचण्डले भनेको समाजवाद 'प्रतिक्रियावादी समाजवाद' हो



काठमाडौं । पुष्पकमल दहाल प्रचण्ड नेतृत्वको नेकपा (माओवादी केन्द्र)को आठौ महाधिवेशन सम्पन्न भएको छ । प्रचण्डले प्रस्तुत गरेको '२१औं शताब्दीमा समाजवादको नेपाली बाटो' शीर्षकको राजनीतिक प्रतिवेदनमा तीन नेताले फरक मत प्रस्तुत गरेका थिए । राम कार्की र हरिबोल गजुरेलले प्रस्तुत गरेको फरक मतलाई पुरक प्रस्तावको रुपमा र लेखनाथ न्यौपानेको मतलाई फरकै मतको रुमा लैजाने माओवादी केन्द्रले जनाएको छ । राजधानीको कमलादीस्थित प्रज्ञा प्रतिष्ठान सम्पन्न महाधिवेशनको बन्दसत्रले प्रतिवेदनमाथि समूहगत छलफल सकेर निष्कर्ष प्रस्तुत गरेपछि अध्यक्ष प्रचण्डले हलमा उठेका प्रश्नहरूको स्पष्टीकरण दिएपछि दिएपछि प्रतिवेदन पारित गरिएको थियो ।

प्रचण्डले प्रस्तुत गरेको दस्तावेजका विषयमा विभिन्न कोषबाटटिक्काटिप्पणीहरुभइरहेका छन् । सोही पार्टीका केन्द्रीय सदस्य लेखनाथ बाँकी ७ पेजमा

## अमेरिकी दाबी : नेपाल अमेरिकाको हिन्द-प्रशान्त रणनीतिको साझेदार राष्ट्र



एजेन्सी । संयुक्त राज्य अमेरिकाको रक्षा विभागको 'स्वतन्त्र र खुला हिन्द-प्रशान्त; साझा दृष्टिसहितको अगुवाइ– २०१९ जून ४' को प्रकाशित दस्तावेजमा अमेरिकाले नेपाललाई पनि हिन्द-प्रशान्त रणनीतिको साझेदार राष्ट्रको रुपमा उल्लेख गरेको छ ।

सो दस्तावेजको पृष्ठ ४ मा लेखिएको छ, 'तत्कालीन अमेरिकी विदेशमन्त्री माइकेल आर पोम्पेओले सन् २०१७ मा राष्ट्रपति ट्रम्पले हिन्द-प्रशान्त क्षेत्रमा हामी धेरै अगाडिदेखि सैन्य गठबन्धनमा भएको र आउने धेरै समयको लागि हाम्रो सैन्य गठबन्धन कायम हुनेछ'

दस्तावेजको पृष्ठ ९ मा 'सन् २०१९ सेप्टेम्बर २२ मा अमेरिकाको टेक्सासमा ज्यधमथ ःयमष कार्यक्रममा सहभागी भएका भारतीय प्रम मोदी र अमेरिकी राष्ट्रपति ट्रम्पको तस्बिर छापेर हिन्द–प्रशान्त दृष्टिका बाँकी ७ पेजमा

## नेपालबाट एमसीसी नहटेसम्म निरन्तर आन्दोलन : सीपी गजुरेल




काठमाडौं । आइतबार भएको विरोध प्रदर्शनलाई सम्बोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले नेपालबाट एमसीसी नहटेसम्म आन्दोलन जारी रहने बताउनु भएको छ ।

एमसीसी मार्फत् अमेरिका रणनीतिक रुपमा नेपालमा प्रवेश गर्न खोजेको बताउनु हुँदै उहाँले भन्नुभयो, 'एक पटक प्रवेश गरेपछि फर्किन जान्दैन अमेरिका, जुन देशमा जान्छ त्यो देश खरानी पारेर छाड्छ । अफगानिस्तान र सिरियालाई मात्र हेरे पुष्टि हुन्छ ।'

आफ्नो साम्राज्यवादी अभिष्ट पुरा गर्न अमेरिकाले नेपालको भूमि, कच्चा पदार्थ र मानव शक्ति समेतको दुरुपयोग गरेर चीनका विरुद्ध युद्ध गर्न खोजेको र त्यसो भएमा बाँकी ७ पेजमा

## महालेखाको बार्षिक प्रतिवेदन : १२ खर्ब खर्च हुँदा बेरूजु २५ अर्ब




काठमाडौं । वर्तमान संसदीय व्यवस्था कति भ्रष्ट छ भन्ने कुरा महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको एक बार्षिक प्रतिवेदनले प्रष्ट पारेको छ । प्रतिवेदनमा सरकारले १२ खर्ब बराबरको बजेट खर्च गर्दा २५ अर्ब भन्दा बढी बेरुजु रहेको तथ्यांक सार्वजनिक गरेको छ ।

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको आन्तरिक लेखा परीक्षणको वार्षिक प्रतिवेदनको सारांश अनुसार आर्थिक वर्ष २०७७/७८ मा सो रकम बराबरको बेरुजु देखिएको हो । खर्चको प्रमाण नपुगेको हिसाबलाई लेखा परीक्षाणका बाँकी ३ पेजमा

## अखिल नेपाल लेखक संघको दोस्रो राष्ट्रिय भेला सम्पन्न

### मित्रलाल पंज्ञानीको अध्यक्षतामा ४५ सदस्यीय कार्यसमिति चयन




❑ प्रेम कँडेल/ रवि पाण्डेय

चितवन । अखिल नेपाल लेखक संघको दोस्रो राष्ट्रिय भेला सम्पन्न भएको छ । चितवनको रत्नागरमा सम्पन्न राष्ट्रिय भेलाले मित्रलाल पंज्ञानीको अध्यक्षतामा ४५ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

समितिको उपाध्यक्षहरुमा यज्ञबहादुर डाँगी, छायादत्त न्यौपाने, परशुराम कोईराला, रविकिरण निर्जीव, शीला योगी, महासचिवमा अनिल श्रेष्ठ, सचिवहरु ईश्वरी गुरागाई, बाँकी ३ पेजमा

## माओवादी केन्द्रको महाधिवेशन यथास्थितिको गोलचक्करमा

*हिन्द प्रशान्त क्षेत्रमा चिनलाइ रोक्नका लागि अमेरेकाले बेलायत र अष्ट्रेलियासँग बिशेष शैन्य अड्डा बढाउने र सुदृढ गर्ने योजना बनाएको छ । आज भारतसँगको सम्बन्धलाई सुदृढ गर्नुको पछाडि पनि त्यही रणनीतिले काम गरेको छ । यस्तो सजिव अमेरिकाको चित्र प्रस्तुत गरे पनि हिन्द प्रशान्त रणनीतिको अभिन्न अङ्गको रूपमा अगाडि सारिएको एम सी सी लाई पास गर्न उनी जुन प्रकारको सौदावाजी र सम्झौताको लागि मोलमोलाइ गरेका छन त्यसले नै प्रस्ट हुन्छ उनको राष्ट्रिय स्वाधीनताको आन्दोलनको मुख्य ध्यान कतातिर छ भन्ने कुरा प्रष्ट छ*



● प्रेम सुबेदी ●

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को आठौं महाधिवेशन यतिबेला चर्चाको बिषय भनेको छ । त्यो चर्चासङ्ग केही बिगतको इतिहास, केही आजको राजनैतिक शक्ति सन्तुलन र केही कम्युनिस्ट आन्दोलनमा महाधिवेशनले लिने नीतिप्रती पनि चासो जोडिएको देखिन्छ । बिगतमा दस बर्षे जनयुद्धको नेतृत्व गरेको पार्टीको एउटा महत्वपूर्ण घटक समेत रहेकोले यो महाधिवेशनप्रती धेरै मानिसको भावनात्मक सम्बन्ध जोडिएको र त्यस अर्थमा पनि यो चर्चामा छ ।

अहिलेको संसदीय राजनैतिक शक्तिसन्तुलनको एउटा महत्त्वपूर्ण घट्क रहेकोले, त्यसले लिने नीति र कार्यक्रमले पार्ने प्रभावका कोणबाट पनि यसको चर्चा हुनु स्वभाविक देखिन्छ । तर, मुख्य कुरा त्यो भन्दा पनि महत्त्वपूर्ण यो पार्टीको महाधिवेशनबाट बिगतको आफ्नो गौरवपुर्ण इतिहासलाई निरंतरता दिन्छ कि त्यसबाट पछि हटेर अहिलेको संसदीय ब्यवस्था र सत्ताको गोल चक्क्रर लगाउछ भन्ने नै बहसको केन्द्रिय बिषय हो ।

सामन्यतः रुप पक्षलाई हेर्दा यो महाधिवेशनमा जुन नारा अगाडि सारिएको छ त्यसले कम्युनिस्ट आन्दोलनको भावनाआइ बोक्न खोजे जस्तो देखिन्छ, तर महाधिवेशनमा प्रस्तुत राजनैतिक प्रतिवेदनको समग्र पक्षलाई हेर्दा यो पार्टी अहिलेको राज्य सत्ता र ब्यवस्था बित्र कैद हुँदै त्यसलाई नै गोल चक्कर लगाउने नै देखिन्छ । जसरी महाधिवेशनको मूल नारा तय बाँकी ७ पेजमा

## सम्पादकीय

# माकेको प्रतिक्रियावादीकरण

नेकपा (माओवादी केन्द्र)को आठौं महाधिवेशनसँगै 'नयाँ विचार' र 'क्रान्तिकारी पार्टी निर्माण'को भ्रम साफ भएको छ। ४५ पृष्ठ लामो दस्तावेजमा प्रचण्डले शब्द र शब्दावलीको भ्रमजाल मात्रै बुनेको स्पष्ट भएको छ। माओवादी केन्द्रका नेता लेखनाथ न्यौपानेकै शब्दमा भन्ने हो भने प्रचण्डको दस्तावेज दक्षिणपन्थी संशोधनवादी रहेको छ। नेकपा (क्रान्तिकारी माओवादी)का महासचिवले त प्रचण्डको दस्तावेज र प्रचण्डले वकालत गरेको समाजवादलाई प्रतिक्रियावादी समाजवादको संज्ञा दिनुभएको छ। उहाँले प्रचण्डको दस्तावेजलाई सारसंग्रहवादी, दक्षिणपन्थी अवसरवादी, खाँटी संशोधनवादी भएको टिप्पणी समेत गर्नुभएको छ।

सारतः र अन्ततः संशोधनवादी तथा अवसरवादी भनेको प्रतिक्रियावादी नै हो। एउटा सच्चा कम्युनिस्ट पार्टी भनेको सर्वहारावर्गको अग्रदस्ता हुन्छ। उसले सर्वहरावर्गको राज्यसत्ता (जनवाद/समाजवाद)को स्थापनाका निम्ति संघर्ष गर्छ। वर्गसंघर्ष, बलप्रयोग, निरन्तर क्रान्ति अनि सर्वहारा वर्गको अधिनायकत्व कम्युनिस्ट पार्टीका आधारभूत सिद्धान्त र मान्यता हुन्। वर्ग रहेसम्म वर्गसंघर्ष अपरिहार्य हुन्छ। साम्यवादी व्यवस्था मात्रै वर्गसंघर्षको अस्तित्व हुँदैन। किनकि त्यो समाज वर्गविहिन समाज हुन्छ।

नेपाल अर्ध सामन्ती, अर्ध तथा नवऔपनिवेशिक अवस्थामा रहेको मुलुक हो। यहाँको उत्पादन सम्बन्ध, अर्थसम्बन्ध, सामाजिक-साँस्कृतिक सम्बन्ध तथा वैदेशिक सम्बन्धले यही अवस्थालाई पुष्टि गर्दछ। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरुको स्थितिले पनि नेपालको यही अवस्थालाई प्रष्ट पार्दछ। माओवादी केन्द्रले भने यो स्थितिलाई अस्वीकार गरेको छ। दशवर्षको जनयुद्धले सामन्तवाद र साम्राज्यवादबाट नेपाललाई मुक्त पारेर नयाँ जनवादी व्यवस्थाको स्थापना गर्ने लक्ष्य राखेको थियो। जनयुद्धबाट सामन्तवादको राजनीतिक प्रतिनिधि ढले पनि सामन्तवादी धर्म संस्कृति, उत्पादन सम्बन्ध, अर्थसम्बन्ध तथा राज्य संरचना पुरानै कायम छ। साम्राज्यवादका विरुद्ध लड्ने कार्यभार त सिंगै बाँकी छ। जनयुद्ध सुरु गर्दा गरेको प्रतिबद्धताबाट भागेर प्रचण्ड र माओवादी केन्द्रले दक्षिणपन्थी संशोधनवादी तथा अवसरवादी बाटो समातेको अहिलेबाट होइन हेटौडा महाधिवेशनबाट नै हो।

माओवादी केन्द्रले अहिलेकै संसदीय व्यवस्था, सत्ता र संविधानको संरक्षण गर्ने र यही व्यवस्थामा टेकेर शान्तिपूर्ण रुपमा समाजवादको स्थापना गर्ने राजनीतिक लाइन आठौं सम्मेलनबाट पारित गरेको छ। यो लाइन भनेको खाँटी संशोधनवादी लाइन हो। संशोधनवादी लाइन भनेको प्रतिक्रियावादी लाइन भएकोले यस महाधिवेशनबाट माओवादी केन्द्र (माके)को संस्थागत रुपमा प्रतिक्रियावादीकरण भएको छ। जे भन्दा कार्यकर्तालाई थामथुम पार्न सकिन्छ र जनतामा भ्रम दिन सकिन्छ त्यही शब्द र शब्दावली प्रचण्डले आफ्नो दस्तावेजमा प्रयोग गरेका छन्।

मार्क्सवाद-लेनिनवाद-माओवादको सैद्धान्तिक जामा पहिऱ्याए पनि प्रचण्डको दस्तावेजले ती सैद्धान्तिक मान्यता विपरीतको बाटो समातेको छ। माओवादी केन्द्रले भनेको समाजवाद र हिड्न खोजेको बाटो एमाले र कांग्रेसको भन्दा फरक छैन। कांग्रेस, एमालेदेखि राप्रपासम्मको समाजवादभन्दा प्रचण्डले भनेको समाजवादको अन्तर्वस्तुमा खासै फरक छैन। बुर्जुवा, अभिजातवर्गीय तथा सम्भ्रान्तवर्गको स्वार्थ रक्षा गर्ने र विस्तारवाद तथा साम्राज्यवादको सेवा गर्ने समाजवादको नेपालमा कुनै औचित्य छैन। नेपालमा श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायको मुक्ति र स्वतन्त्रतालाई मुखरित गर्ने सर्वहरावर्गको राज्यसत्ता (जनवाद/वैज्ञानिक समाजवाद)को खाँचो छ। जुन संसदीय व्यवस्थामा गरिने चुनावबाट होइन, भीषण वर्गसंघर्षको बीचबाट स्थापित हुन्छ। माकेको प्रतिक्रियावादीकरणले अबको वर्गसंघर्ष माकेलगायत सबै प्रतिक्रियावादीका विरुद्ध परिलक्षित हुने निश्चित छ। अब आमूल परिवर्तनका मुद्दाहरुको नेतृत्व माकेले गर्न सक्दैन, कम्युनिस्ट क्रान्तिकारीहरुले मात्र गर्ने छन्। त्यसअर्थमा आजको सापेक्षतामा छरिएर रहेका क्रान्तिकारी माओवादीहरुले गर्नेछन्। यो यथार्थबोधको गहिरोगरी मनन गर्लान् माओवादी केन्द्रभित्र रहेका क्रान्तिकरीहरुले ?

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# क्रान्तिकारी पार्टीको पुँजीवादी शैली



● हर्कबहादुर शाही ●

**राष्ट्रिय स्वाधिनता कुरालाई लिएर संघर्ष नेतृत्वको नेकपा माओवादीले गर्नुपर्छ अलग भएर छिट्टै धेरै चिज प्राप्त गरी हालिन्छ भन्ने लाग्दैन। हामीले दुस्साहवादी सोच राख्नु हुँदैन परिवर्तन वलिदान आवश्यक हुन्छ। बस्तुगत आत्मगत परिस्थिति र राष्ट्रिय अन्तराष्ट्रिय परिस्थिति आवश्यक पर्दछ**

हरेक राजनीतिक पार्टीमा विचार सिद्धान्तका आधारमा निर्माण भएका हुन्छन्। हरेक सिद्धान्त नीतिमा परिचालन गर्नका लागि नीति पद्दति विधि विधान पार्टीका उच्च कांग्रेसले पास गरेर कार्यन्वयनमा ल्यायको हुन्छ। पुँजीवादी पार्टीको आन्तरिक संघर्ष भनेको देशमा संषदिय ब्यवस्था आई सकेपछि पद, पैसा र प्रतिष्ठाका लागि हुन्छ। नेपाल पुँजीवादी पार्टीमा पनि विधि विधान पद्दति भन्दा अग्लो होचो गोरो कालो, बुढो तन्नेरीको कुरा ब्यापक रुपमा चलि राखेका छन्। नेपाली जनता देश भन्दा दिल्ली गएर को चाकरी गरेर हुन्छ की कुनै भारतिय कर्मचारीको पछि लागेर हुन्छ कि देश कुनै महन्वपूर्ण श्रोत नदि नाला भारतसँग असमान सन्धी सम्झौता कुरा गरेर हुन्छ की त्यस्तै धाउने नेपाली नेता सत्ता आशिर्वादमा दिल्ली धाउने गरेका छन्। पुँजीवादी पार्टीमा पनि सत्ताभत्ता र कमिसनको  कम लफडा छैन सवभन्दा बढी लफडा एमाले कांग्रेस भित्र छ। वाहीर हेर्दा एउटै साईनवोर्ड छ। भित्र कयौं गुटहरु छन्। एउटा नेपालका ठुला भनिने राजतिती पार्टीलाई सजिलो के छ भने आफुले दिमाग खर्च गर्न पर्दैन। दिल्लीले बनाएको सम्झौतामा आँखा चिम्लेर सहिछाप धस्काईदिन्छन्। त्यसैले त मोदिहरुले प्रशम्शा गर्दछन् बहादुर छन् , नेपाली भनेर।

४५ दिने मोदीको आदेश भित्रै आँखा चिम्लेर वहुचर्चीत नेपालको सभ्यता र सम्पदा हिराको श्रीपेच माथिल्लो कर्णाली आँखा चिम्लेर बहुराष्ट्रिय कम्पनी जि.एम.आर.लाई सुम्पीदिए। नेपाल राजनीतिक परिवर्तन सँगै विदशी हात बलियो बन्दै गएको छ। पार्टी एकतामा पुँजीवादी पार्टी हन या संशोधानवादी , क्रान्तिकासी कसैलई विदेशीले एक ढिक्का हुन दिएको छैन। पार्टीलाई फुटाएर चिरा-चिरा बनई दिएका छन। नेपालको राजनीति इतिहास हेर्दा वाहय शक्तीको आडमा आन्तरीक शक्तीबाटै अन्तरघात भएको छ। नालापानी लाडाईमा बलभद्र पनि पानी मात्र पियर अंग्रेज सँग लड्दा भित्रेबाट किल्लामा चढाएको पानीको मुहान नेपालीले अंग्रेजलाई देखाई दिदा पानीको नाला अँग्रेजले थुन्दा नालापानी किल्ला छोड्नु परेको भनाई छ। राणाहरु पनि अन्तर्घातबाटै समाप्त भए। मदनभण्डारी घटनाको इतिहाँपनि त्यस्तै छ। दवार हत्याकाण्डले शाहाहरुको सासन अन्त भयो। सबै भन्दा विदेशीकै आर्शिवादमा कुर्ची र कमिशन पाउने नाममा विचारा कठपुतीलाई कति सन्तोष हुन्छ होला। विस्तारवादको जुठा पुरो खाएर सत्ताको मालीक हुन। पुँजीवादीमा जथाभावि बोल्ने पद पैसा पाएपछि अन्यथा हुँदैन। पुँजिवादी पार्टीका सबै कुराको मालिक पैसा हुन्छ। उदारीकरण, निजिकरण वाक स्वतन्त्रता, मानवअधिकार, प्रजातन्त्र कुरा गरेर पुँजीको केन्द्रीकरण गर्ने धनीहरु झन-झन धनि हुन र गरीव झन झन गरिव हुने शासन ब्यवस्था हो। सरकार पुँजिपति वर्गको संचालक समिति हो न्यायपालिका कर्यपालीका ब्यवस्थापिका त्यस अनुकुल हुन पर्नेहुन्छ। यदि गरीवहरुको बारेमा सोच्ने सरकार भएको भए देशमा श्रावण महिनाको अन्तीम हप्ता आयको अविरल वर्षाले हजारौं जनताले ज्यू धन र बसोबास गुमाएका छन्। वाडी पिडीतहरुको पिडा देखेर सबैको मन रोएको छ। आँखा रसाएको छ। सरकार भने ७० अरव लाग्ने माथिल्लो कर्णाली १४० अरब लागत  पास गरेर पि.डी.ए. गरि बहुआयामिक माथिल्लो कर्णाली ७० अरव बढी दिएर पश्चीम नेपाल लगायत सम्पुर्ण नेपालको भाग्य र भविश्यमाथि खेलवाड गर्दैछ। त्यतिले मात्र भयन भनेर प्रति १ मेगावाट ५० लाखका दरले थप ४ अरव ५० लाख रुपैया ८८ प्रतिशत प्रति विश्वकै सस्तो विजुली लिई वारुत थप्दैछ। कस्तो विडम्वना नेपाल योजना उप-योजनालाई चाहिने माल खरिद गर्दा भ्याट लगाउने सरकार भारतीय वहुराष्ट्रिय कम्पनीलाई भ्याट छुट दिएको छ। यो अरबौ रुपैयाँ भ्याट लाग्छ। ४ अरव ५० लाख रुपैया वाडी पिडीत १० लाखका दरले वितरण गर्दा ४ हजार ५ जनाले १०-१० लाख पाउँछन्। वाडीपिडीतलाई पुनरस्थापना र राहत ४००५ जनालाई पुग्छ। यो नेपालको सरकार छैन। नेपाली जनता भोट बैक मात्र हुन। यो विस्तारवादको आदेश चल्ने दिल्ली दलालहरुको सरकार हो। पुँजीवादी पार्टीको प्रतिविम्ब क्रान्तिकारी पार्टीमा परेको छ। नेपालका नेपाली मजदुर किसान कमैया हरुवा चरुवा हली गोठाला र उत्पीडन शोषणमा परेको वर्गमाथिको राजनितिक आर्थीक संवैधानिक हस्तक्षे दिन २ गुना र रात ४ गुणाले बढ्दै गएको छ। शत्रुहरु पद पैसाका लागि फुटेपनि उनीहरु मजदुर, किसान, कमैया हरुवा, चरुवा, सुकुम्बासी सबै खाले शोषण दवाउने सम्बन्धमा एक जुट देखिन्छ। वर्ग वैरीहरुको अन्तराष्ट्रिय विस्तारवादी पनि सक्रिय भएर राजनीतिक आर्थिक राष्ट्रिय स्वाधीन्तालाई एक पछि अर्को हमला गर्दैछन्। संशोधनवादी पार्टी पनि विस्तारवाद मोर्चाको वरिपरी घुमिराखेका छन्। नेपाली क्रान्तिकारी पार्टी प्रति जनताले आशाको दृष्टीले हेरी राखेका छन्। वर्ग बैरी हमलामा उर्तिएको बेला क्रान्तिकारी पार्टी भित्र २ लाईन संघर्षको विधिलाई मैत्रीपुर्ण ढंगले बढाउनुपर्नेमा क्रान्तिकारी भित्र पुँजिवादी पार्टी कै शैलीले कोलाहाल देखियो। त्यसेल गर्दा पुँजिवादी र कम्युनिष्ट पद्दतिकोबारेमा अन्यौल्ता छायको छ।

जुनसकै बस्तु सिद्धान्तका आ-आफ्ने नियम पद्दति हुन्छन। पशुपंछिको पनि आफ्नो संस्कृति संस्कार हुन्छ । यर्थातवादी बैज्ञानिक पार्टीको पनि पद्दती हुन्छ नै नियम पद्दती र प्रकृतिमा नचल्नु ब्यक्तिवाद हो प्रत्येक ब्यक्तिको चहाना अनुसार पार्टी चल्दैन। पार्टी निम्न वर्गीय जनताको शोषण उत्पीडन अन्याय अत्याचारका लागि संगठित सचेतनाका साथ संघर्ष गर्ने अग्रदस्ता हो। देश जनता पिडालाई सितलपार्न क्रान्तिकारीहरुको एकता होस भन्ने जनचहाना हो। पार्टी भित्रको एकता अछुण राख्न झन आवश्यक छ। नमिलेको कुरा सत्यताको आधारमा तथ्य पत्ता लगायर समस्या समाधान खोज्नु पछै।

क्रान्ति हुन त राष्ट्रिय अन्तराष्ट्रिय परिस्थिति अनुकुल हुनु आवश्क छ। सत्रुलाई चिन्न आफुलाई चिन अनि क्रान्ति गर भन्ने माओको भनाईको हामीले पालना गर्ने प्रयास गर्नुपर्छ। क्रान्ति कुनै नेताको इच्छामा हुने गर्दैन क्रान्ति हुनको लागि क्रान्तिकारी पार्टी र फलामे अनुशासन चाहिन्छ। शैन्यवाद , अर्थवाद जातिवादले क्रान्तिलाई मात्र बोकेको बन्दुकले देश जनताको मुक्ती दिन सक्दछ। नेपाल दर्जनौ कम्युनिष्ट पार्टी पुगीसकेका छन्। सबैले आफुलाई खाटी क्रान्तिकारी भन्ने गरेका छन्। के नेपालका कम्युनिष्टहरु फुटन मात्र जानेका छन त ? नेपाली कामदार जनताले नेपालका क्रान्तिकारी जुटुन पर्छ भनेका छन्। विधि र प्रकृयाबाट महाअधिवेशन गरेर जनवादी अभ्यासबाट नेतृत्वको चयन भएमा कसैलाई आपत्ती हुँदैन। राष्ट्रिय स्वाधिनता कुरालाई लिएर संघर्ष नेतृत्वको नेकपा माओवादीले गर्नुपर्छ अलग भएर छिट्टै धेरै चिज प्राप्त गरी हालिन्छ भन्ने लाग्दैन। हामीले दुस्साहवादी सोच राख्नु हुँदैन परिवर्तन वलिदान आवश्यक हुन्छ। बस्तुगत  आत्मगत परिस्थिती र राष्ट्रिय अन्तराष्ट्रिय परिस्थिती आवश्यक पर्दछ।

विश्वमा मानवसमाजको विकास सँगै दासयुग पछि समाजमा वर्गको उदय भएको देखिन्छ। वर्ग उत्थान सँगै वर्ग संघर्ष थालनी भएको हो। साथसाथै अन्तर संघर्षपनि बैचारीक सैद्धान्तीक ब्यवहारिक हिशावले सहि दिशाबोध गर्न विचारलाई धारीलो बनाई राख्न अन्तरपार्टी भित्र २ लाईन संघर्ष मार्फत शुद्ध पार्ने विधि हो। मानव समाजको लाखौ वर्षको संघर्ष ईतिहापछि राज्यका विभिन्न कीीमका मोडेलपनि तयार हुन गयका हुन। आदीम साम्मेवादी युग वाहेक दास युग पछी शोषक शोषित विचमा विभिन्न किसिमा संघर्ष हुँदै आएका छन्। बेलायत लुलाईट आन्दोलन, फ्रान्सेली राज्यक्रान्ति, काम ८ घण्टा मात्र गर्ने अेरीका सिकागो मज्दुर आन्दोलन, जर्मन आन्दोलन १९१७ अक्टुवर क्रान्ति १९५९ मा चिनले सम्पन्न गरेको नौलो जनवादी क्रान्ति भेतनाममा भएको क्रान्ति पछिल्लो फेक्रा ल्याटीन अमेीकामा चुनावको माध्यमबाट भेनेजुयला, बोलेभिया, ब्राजिलमा अभ्यास गरिएको मोडेल, पूर्वी युरोपका दर्शहरुमा रुसको प्रभावबाट भएको परिवर्तन आदिले विश्वमा मज्दुर किसान र सर्वहारा वर्गमा ठुलो हौसल्ला ल्याएको थियो। विश्वमा एउटै कम्युनिष्ट पार्टीको अन्तराष्ट्रिय संगठनमा बैचारीक राजनितिक भिन्नताको कारण अरु चिनकमो कम्युनिष्त पार्टीमा राजनितिक बैचारीक सद्धर्ष चर्कियो विश्वको कम्युनिष्ट आन्दोलन २ खेमामा विभचाजन हुन पुगऊे। त्यसैलाई महान वहस भन्ने नामाङ्करन दिईएको थियो। त्यसबाट नेपाल कम्युनिष्ट आन्दोलन पनि अछुतो रहन सकेन। १९५६  इस्वी सम्बत र ख्रुश्चेव संशोधनवादले रुस मा मात्र विसर्जन र विखण्डन ल्याएन रुसको प्रभावले परिवर्तन भएमा पूर्वी युरोपका समेतमा कम्युनिष्ट पार्टीको नक्कली सत्ताधारीमा विसर्जन विखण्डन ल्यायो। विखण्डन मुल, कारण रुषि सामाजिक सम्राज्यवादी नितिकै गल्ती थियो। कार्ल काउस्की, वंर्स्टीन ट्राटस्कीको संशोधनवादी धाराले  पनि क्रान्तिकारी धारालाई संशोधनवादी मार्गीतिर तान्न विभिन्न किसिमका प्रयास गरि राखेकै छ।

विश्व कम्युनिष्ट आन्दोलन दिगभ्रमीत बनाएको छ। विश्व कम्युनिष्ट आन्दोलन तेश्रो प्रयोग ल्याटिन अमेरीका जस्ता देशहरुमा देखा परेको छ। जनताको अभिमतबाट चुनाव जितेर जनताको हकहितमा काम गरि सरकार बनायर सेनालाई नयाँ सरकार उत्तरदायी बनाई राख्नु पनि त्यहाँको चुनावी सरकार सफलता हो। हरेक देशको क्रान्ति आफै मौलिक्तामा हुन्छ। अहिले सम्म विश्वमा प्रयोग भएका २ वटा मोडेल मध्य ल्याटिन अमेरीकी देशले ल्याएको पछिल्लो तेश्रो मोडेल हो। क्रान्तिकारीहरुले विश्वमा प्रयोग भएका हरेक क्रान्तिबाट शिक्षा लिनुपर्छ। सबै वर्गले आफ्नो वर्गीय हितका लागि शसस्त्र क्रान्ति अस्वीकार गर्दैनन्। स्वीआ प्रकृयाबाट बच्चा जन्मन्छ भने कैचिको अवाश्क्ता पर्दैन भनेर मार्क्सले भन्नु भउकोछ। अर्को कुरा दिर्घकालीन संघर्ष नभए प्रतिक्रान्तिले टाउको उठाउँछ। नौलो जनवाद पुँजीवादकै चरण हो। समाजवादमा पनि पुँजीवादका अवशेषहरु रहन्छन्। भरखरै जन्मेको बच्चामा रगतका टाटा रहन्छन् लेलिन भन्नु भएको छ। ल्याटीन अमेरीकी मुलुक भेनेजुयला, बोलिभिया ब्राजिल क्युवाली समेतको नजिक सम्बन्ध छ। चुनाव आयका त्यहाँका सरकारहरुले साम्राज्यवादीहरुका तेल कब्जा गर्ने हतियारको रुपमा रहेका बहुराष्ट्रीयकम्पनीलाई लखेटेर भगाई दिए धन्य मान्नु पर्छ। त्यहाँका जनता र सरकारलाई। नेपाल संसारकै पानीको ठुला धनी देश हो। २०११ साल देखि नै नेपाली जलश्रोतमा सत्तामा बसेका दल र भारतीय विस्तावादले नेपालका ६००० नदिनालाहरुमा आफ्नो विस्तारवादी पञ्जा गाडेको छ। विश्वकै बहु आयामीक हिराको श्रीपेच सत्तामा बसेका दलाल र भारतीय बहुराष्ट्रिय कम्पनी जि.एम.आर.ले ३ गते पि.डी.ए. सम्झौता गरेर देशको अमुल्य श्रोतमाथि धावा बोलेका हुन। विद्युत निकाल्ने वहानामा नेपालको जलश्रोतमाथि सत्ताधारी दलाल र विस्तावादी नेपालको जलश्रोतमाथि कब्जा जमाउँदैछन् , के हेरेर बसेका छन् क्रान्तिकारी कम्युनिष्ट र राष्ट्रवादी शक्तिहरु।

लागत ५० अरव र २० अति प्रभावित जिल्लामा दैलेख, अछाम , सुर्खतको शिक्षा स्वास्थ्ये यातायात २० अरव राखेपनि ७० अरव मात्र लागत हुन आउँछ। भारतिय वहुराष्ट्रिय कम्पनी जि.एम.आर.ले १४० अरव लागत स्टमेट पेश गर्दा आँखा चिम्लेर मन्त्री परिषदले पास गऱ्यो। त्यसैलाई नोकरशाही राजनीतिक नियुक्ती पाएका लगानी बोर्ड योजना आयोगका बुद्धिजीवी भनाउँदा दलाल विस्तारवादीको भातको काम गरे। नेपाल गणतन्त्र विस्तारवादी र दलालहरुलाई देश लुट्ने लाईसेन्स जस्तै बनेको छ। संषद चली राखेको बेलामा संषदले पास गरेर मन्त्री मण्डल लिनपर्ने कुरा संषदमा २ तिहाई भएको बेलामा समेत संषद पि.डि.ए. पास गर्न पर्नेमा संषद गलत कुराको आवाज उठ्ला कि भन्ने शंका कमीशन  कमपर्ला भनेर समिति ब्यक्ती बसेर केही ब्यक्ति असंतुष्टी जनाउँदा जनाउँदै पास गरेका छन्। देखियो त कांग्रेस एमालेको लोक तन्त्रको हालत।

*(क. हर्कशाहीको अप्रकाशित लेखका संगालोबाट सम्पादित)*

# ८ बुँदे फरक मतसहित लेखनाथ न्यौपानेले भने- प्रचण्डको प्रतिवेदन दक्षिणपन्थी संशोधनवादी




नकारात्मक प्रभाव, विश्व श्रम बजारमा जाने नेपाली जनशक्ति र यसले पैसासँगै राजनीतिक धारणा एवं मतदानमा परिरहेको प्रभाव, विदेश पढ्न जाने विद्यार्थीहरुको बढ्दो संख्या र राम्रो जीवनको खोजीमा विश्वका विभिन्न देशमा जाने नेपाली युवाहरुको एक मात्र लक्ष्य, देशभित्र रहेका किसान, श्रमिक, अति गरिबीको रेखामुनी (२३ प्रतिशत) र गरिबीको रेखामुनी (५६ प्रतिशत) एवं हामीले भन्ने गरेको सर्वहारा वर्गको आकार र अवस्था आदिबारे खोज, अध्ययन र निष्कर्ष विना न प्रतिवेदन जमिनमा टेकेको हुन्छ न त प्रतिवेदनको शीर्षक ।।।समाजवादको नेपाली बाटो' लाई सही सिद्ध गर्न सकिन्छ ।

३. यो प्रतिवेदनले वाम बाटो समातेको छैन । दक्षिणपन्थी संशोधनवादी दिशा सोझिएको प्रतिवेदन माओवादी कम्युनिस्ट पार्टीको महाधिवेशनको प्रतिवेदन कसरी हुन्छ ? पहिलो, शान्तिपूर्ण प्रतिस्पर्धाबाट आजसम्म दुनियाँमा न कतै समाजवाद आएको थियो, न आउने सम्भावना नै छ । उहिल्यै १९५६ मा वदनाम भएको ख्रुश्चोवी लाइन अनुसार जनवादी कान्तिका बाँकी कार्यभार पुरा गर्दै समाजवादको आधार निर्माण भन्ने विषय गम्भीर सैद्धान्तिक विचलन हो । तत्काल वा कार्यनीतिक रुपमा शान्तिपूर्ण प्रतिस्पर्धालाई अबलम्बन गर्ने हदसम्म ठिक मान्न सकिन्छ तर शान्तिपूर्ण प्रतिस्पर्धाबाट नै वैज्ञाजिक समाजवादको आधार निर्माण गर्ने धारणा दक्षिणपन्थ नै हुन आउँछ । दोस्रो, मार्क्सवादको रक्षा सिर्जनात्मक प्रयोग र थप विकास गर्ने उद्देश्यबाट चिप्लिएर प्रतिवेदनको धेरै ठाउँमा ।।।प्रयोग र परिमार्जन' भनिनु मार्क्सवाद विस्तारै छोड्दै जाने दक्षिणपन्थ हो । तेस्रो, कार्यशैली र संस्कृतिमा हामी जे भन्छौं त्यो गर्दैनौं र जे गर्छौं त्यो भन्न सक्दैनौं । यो कार्यशैली संस्कृतिमा देखिने अर्को दक्षिणपन्थ हो । ०४८ मंसिरमा सम्पन्न नेकपा (एकता केन्द्र) को एकता महाधिवेशनमा प्रस्तुत राजनीतिक प्रतिवेदनको नेपाली कम्युनिस्ट आन्दोलनका आधारभूत समस्याहरु उपशीर्षकको ४ नं. बुँदा हेर्दा प्रमाणित हुन्छ । त्यहाँ भनिएको छ "भनाइ र गराइमा एकरुपताको अभाव तथा सिङ्गो कम्युनिस्ट आन्दोलनकै साँस्कृतिक र नैतिक मूल्यमान्यताको नितान्त दयनीय अवस्थाको रोगका कारणले ३ हामी ग्रसित छौं । हामीले जतिसुकै क्रान्तिकारी कुरा गरे पनि यदि त्यो हाम्रो दैनिक व्यवहार र आचरणसँग गाँसिएको छैन भने त्यो सिर्फ लफ्फाजी मात्र हुन जान्छ । नेपाली कम्युनिस्ट आन्दोलनमा लामो समयदेखि काम गरेर पनि नेतृत्वमा कम्युनिस्ट नैतिकता र आचरणको चिन्ताजनक हदसम्म अभाव पाइन्छ । सामान्यतः कार्यकर्ता र जनतामा नयाँ संस्कृति, नैतिक मूल्यमान्यता नेतृत्वबाट नै प्रसारित हुने कुरा हो । तर हाम्रो आन्दोलनको नेतृत्वको जीवनशैली, व्यक्तिगत आचरण र दिनचर्या सामन्ती र वुर्जवाहरुको भन्दा खासै फरक पाइँदैन । अझ कतिपय अर्थमा त त्यो जस्तो कि भन्ने गरिन्छ ।।।बुर्जुवा मानवतावादी' को भन्दा पनि तल रहने गरेको छ । बोलीको ठेगाना नहुने, निम्न स्तरको झुटो बोल्ने, आर्थिक हिनामिना गर्ने, भ्रष्ट यौन आचरण प्रदर्शन गर्ने, आफ्ना निम्ति विशेष सुबिधाको माग गर्ने, संगठनमा जालझेल र षड्यन्त्र गरेर नेता बनिरहने, तानाशाही र उदारवादी बन्ने, संगठनलाई आफ्नो व्यक्तिगत पेवा वा सम्पत्ति सम्झने, बाहिर सर्वहारा आदर्शको कुरा गर्ने, भित्र लुकिछिपी जस्तोसुकै भ्रष्ट काम पनि गर्न पछि नपर्ने जस्ता नितान्त सामन्ती र बुर्जुवा नैतिकता हाम्रो आन्दोलनको नेतृत्वमा छरपस्टै देखापर्ने गरेका छन् । जबसम्म आन्दोलनको नेतृत्व यस किसिमका घातक र व्यक्तिवादी प्रवृत्तिबाट मुक्त हुँदैन, तबसम्म जनताको क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्ने र समाजलाई बदल्ने भन्ने कुरा ढाँट कुरा र दिन काट्ने र काल पर्खने' काम सिवाय केही हुँदैन । गतकालमा पार्टीमा अनावश्यक टुटफुट पार्ने, गुटबन्दी र षड्यन्त्र गर्ने कामको मूलमा नेतृत्वको सामन्ती र बुर्जुवा चिन्तनपद्धति र कार्यशैली प्रमुख रुपमा जिम्मेवार रहने गरेका छन् । पार्टीले यो प्रश्नलाई पूर्ण गम्भीरताकासाथ लिएर समाधानका उपायहरुको खोजी गर्ने पर्दछ । अन्यथा घुमिफिरी रुम्जाटार भनेझैं' हामी पनि संशोधनवादकै खाडलमा जाकिने कुरामा शंका रहन्न ।" पार्टी सानो हुँदा, सत्तामा नहुदा एवं स्रोत र साधनमा कमजोर हुँदाका समस्या त त्यति डरलाग्दा थिए भने आज ति तिनै चीजमा डुबेको बेला समास्या हजार गुणा नकार रुपमा बढेका छन् । जिम्मा क-कसले लिने हो ?

४. बनिबनाउ वुर्जुवा राज्यसत्ता अन्तर्गत हामी सरकारमा गएर समाजवादको आधार निर्माण गर्ने तरिका मौलिक होइन बरु मार्क्सवाद विरोधी हो । पहिलो, हाम्रै अनुभव छ कि जनयुद्धबाट आएर पहिलो चुनावमै त्यत्रो तागतसहित हाम्रै नेतृत्वमा सरकार बन्दा समेत जाबो एउटा सेनापति र पशुपतिको भट्ट फेर्न सकेनौं । दोस्रो, चुनावबाट अएको भेनेजुयलाका चावेज जो कम्युनिस्ट होइनन् वामपन्थी मात्र थिए उनले १९९८ मा निर्वाचित भएपछि पहिलो घोषणामा २२ हजार अमेरिकी सेनालाई २४ घण्टाभित्र भेनेजुयला छाड्ने आदेश दिए र अमेरिकासँगको सैन्य सम्बन्ध अन्त्यको घोषणा गरे । अन्मुनियम र तेलमा भएको वैदेशिक लगानीको अन्त्यको घोषणा गर्दै राष्ट्रियकरण गरे र भूमिसुधार लागु गरेर जमिन्दारहरुको जमिन किसानहरुलाई वितरण गरे तर सैन्य रणनीति अन्तर्गतको :ऋऋ परियोजनाप्रति हाम्रो लसपस र अस्वीकार्यको स्पष्ट धरणा नआउनु साथै माओवादी कम्युनिस्टहरुको नेतृत्वमा बनेका सरकारहरुले एक पटक पनि औपचारिक रुपमा कुख्यात सुगौली सन्धीलगायत अन्य असमान सन्धीबारे चुसम्म नबोल्नु जनवादी क्रान्तिका बाँकी कार्यभार पुरा गर्ने सन्दर्भसँग बाँझिन्छ । आगामी दिनमा सरकारमा गएर जनवादी क्रान्तिका बाँकी कार्यभार र छ समाजवादी आन्दोलनको नेतृत्व गर्ने सैद्धान्तिक र व्यवहारिक धरातल हाम्रो आजको राजनीति लाइनले सुरक्षित गर्दैन ।

५. ०६३ पछि हम्रो नेतृत्वमा ३ वटा सरकार बने साथै त्यस अतिरिक्त प्राय सबै सरकारमा हामी सहभागी छौं । एउटै पात्र पटकौं मन्त्री बनेको छ, उनीहरुको न पारदर्शिता र कार्यसम्पादनहितको मूल्याङ्कन छ, न त गणना गर्न लायक जनताले अनुभूत हुनेगरी गुणात्मक कुनै काम नै भयो ? हाम्रै नेतृत्वमा प्रादेशिक सरकार छन् । तिनीहरुले अरु पार्टीले नेतृत्व गरेको सरकारभन्दा भन्दा फरक के काम गरे ? स्थानीय सरकार हामीले जितेको ठाउँमा एउटा नमूना पालिका सरकार कतै छ ? यसको निर्मम समिक्षा नगरी सरकारदेखि सरकारसम्मको गोलचक्करले हामीलाई बदनाम मात्र बनाउछ । जसरी सन् १९५९ को क्युवाली क्रान्तिभन्दा अघि सरकारमा गएका कम्युनिस्ट नेताहरुले गरेको भ्रष्टाचारले कम्युनिस्ट भन्ने शब्द नै घृणाको प्रयाय बनेको थियो । त्यसकारण त्यहाँ कम्युनिस्टको नाममा क्रान्ति गरिएन । बरु क्रान्ति सम्पन्न भएपछि फिडेलहरुले आफू कम्युनिस्ट भएको सार्वजनिक गरे । हाम्रो तर्फबाट मन्त्री भएकाहरुको कुरा छाडौं, मन्त्रीका अधिकांश पिएहरुको मात्र सम्पत्ति छानबिन गर्ने हो भने बदनामीको डरलाग्दो चित्र देखापर्दछ । यसलाई पुराका पुरा सच्याइएनभने सरकारमा गएर समाजवादको आधार निर्माण गर्ने कुरा काल्पनिक मात्र होइन, बदनामीको माध्यम हुनेछ ।

६. हाम्रो आन्दोलन ओरालो लाग्नाको र जनतासँगको सम्बन्ध कमजोर हुनाको मुख्यकारण पार्टीका नेताहरुको अपारदर्शी आर्थिक जीवन हो । हामीमाथि भ्रष्टाचार, कमिसन, घुसमार्फत अकुत सम्पत्ति थोपरेको गम्भीर आरोप छ । हाम्रो जीवनशैली र परिवार एव) नातागोताको फूर्ती हेर्दा अर्थमोह होइन भन्ने ठाउँ छैन । सम्पत्तिमाथिको निजी स्वामित्वको अन्त्य गर्दै समाजवादी र साम्यवादी समाज निर्माण गर्ने चेतना र आन्दोलन सीमित नेताहरुको वर्ग उत्थानमा गएर बदनाम हुने कुरो कसरी सहन सकिन्छ । त्यसकारण हाम्रा नेताहरु, जनप्रतिनिधिहरु र लाभको पदमा गएका सदस्यहरुको सम्पत्ति छानविन गर्न तत्काल पार्टीभित्र समिति बनाऔं । आन्दोलनको अख्तियारी दुरुपयोग गरेर सम्पत्ति थोपर्ने नेताहरुलाई पार्टीबाट कारवाही गर्ने आँट गरौं । अनि बल्ल समाजवादबारे छलफल गर्न सक्ने धरातल बन्छ ।

७. एकातिर हामीले दलाल पुँजीवाद विरुद्ध लड्ने कुरा गरेका छौं भने अर्कोतिर दलाल पूँजीवादको घोडा चडेर दौडिरहेको उदार पुँजीवादी शक्तिसँग रणनीतिक मोर्चा बनाएर अघि बढ्ने प्रगोग र घोषणामा छौं । यसलाई सैद्धान्तिक र व्यवहारिक रुपमा सच्याएनौं भने हामी पनि दलाल पुँजीवादको घोडसवार बन्नुको बिकल्प छैन । सायद यही कारण प्रतिवेदनले हाम्रो समाजको वर्ग विश्लेषण गर्न चाहे र कुन कुन राजनीतिक शक्तिले कुन वर्गको हितमा काम गरिरहेको भनेर विषय प्रवेश गर्न आवश्यक ठानेन । जुन वर्गसँग लडेर जित्नु छ, त्यही वर्गलाई मित्रशक्ति बनाउने व्यवहारले हाम्रो कार्यनीति, कार्यनीतिले रणनीतिलाई पुयाउने योगदान र वैज्ञानिक समाजवादको आधार निर्माणको पहल अघि होइन पछाडि फर्कन्छ साथै यसले वर्ग संघर्षलाई अस्वीकार गर्दछ । जब वर्ग विश्लेषण र वर्ग संघर्षमा हामी मौन वा

निष्कृय हुन्छौं तब पार्टीमा अन्तरसंघर्ष विहिन मान्छेहरुको झुण्ड मात्र बाँकी रहन्छ । अन्तरसंघर्ष विहिन पार्टी मृत् पार्टी हुन्छ, जुन माओवादी हुनै सक्दैन ।

८. दलाल पुँजीवाद विरुद्ध लड्ने पार्टीले सबभन्दा पहिला त्यो प्रवृत्तिबाट मुक्त संगठन, नेता-कार्यकर्ता निर्माण गर्नैपर्छ । पसिना बगााएर वा उत्पादनसँग जोडिएका श्रमशील नेता-कार्यकर्ता समाजवादका ास आधार हुन । श्रम नगर्ने वा उत्पादनसँग नजोडिएका नेता-कार्यकर्ताको सघनता जब पार्टीमा देखापर्दछ तब त्यहाँ दलाल पुँजीले हैकम चलाउँछ । विना पसिना, उत्पादनसँगको विना सहकार्य दैनिक लाखौं

गरिने हाम्रा नेता-कार्यकताहरुको खर्चको स्रोत के हो ? हामीमाथि विरोधीले आक्रमण गर्ने हतियार यही हो । यसकारण दलाल पँजीसँगको हाम्रो हितैषी सम्बन्धलाई व्यवहारिक अन्त्यको घोषणा, उद्योग/व्यापारबाट सम्पत्ति कमाएको तप्कालाई पार्टी समर्थक समूहमा झार्ने कार्यक्रम र विचौलीया धन्दाबाट सम्पत्तिवाल बनेको वर्गलाई पार्टीबाट निकाल्ने दृढताले मात्र हामी मार्क्सवादी बन्न सक्छौं । आधारभूत वर्ग धरातलमा हाम्रो आन्दोलनले खुट्टा टेक्छ । यसरी मात्र दलाल पँजीवादका विरुद्ध लड्ने कार्यनीति कार्यान्वयन गर्ने ठाउँमा उभिने नैतिकता राख्दछौं ।

९. एमालेसँगको एकता सबै कोणबाट सही थियो भन्ने विषय प्रतिवेदनमा उल्लेख गर्ने कुरो समग्रतामा सही छैन । एमालेसँगको चुनावी तामलमेल र कार्यगत मोर्चासम्मलाई सही मान्न सकिन्छ तर शान्तिपूर्ण संसदवादमा डुबेको, उदारवादी अर्थतन्त्रको घोडा चढ्ने र ओली जस्तो दक्षिणपन्थी विचारको नेतृत्वसँग छापामार तरिकाले गरिएको एकता सैद्धान्तिक र प्रक्रियागत हिसाबले गम्भीर गल्ती थियो ।

त्यस्तो पँजीवादी पार्टीसँग एकता गरेर समाजवादको तयारी भन्ने आँट आजसम्म बिना संकोच गरिरहेका छौं ? यो दक्षिणपन्थ होइन ? अदालतले दुई पार्टीलाई अलग बनाएपछि ओली त जान्थे गए तर ओलीलाई हामीले कारवाही गरेपछि बनाइएका अध्यक्षसहितको समूह पेरिसडाँडाबाट लुरुलुरु धुम्बराही जाने कुराले एकतालाई सही थियो भनेर पुष्टि गर्छ ? त्यसकारण त्यो गल्ती सामान्य उदारवादी कार्यशैलीमा मात्र सीमित थिएन, यसमा कमरेड प्रचण्डभित्र विकास भइरहेको व्यक्तिवादी अराजकता र संसदवादी रुझान पनि जिम्मेवार छ ।

१०. हामी सबै मुख्यतः: कमरेड अध्यक्षमा आत्मकेन्द्रित व्यक्तिवादको समस्या देखिएको छ । तपाईका प्राय सबै सार्वजनिक अभिव्यक्तिमा हाम्रो वर्ग, हाम्रो पार्टी, हाम्रो आन्दोलन र हाम्रो केन्द्रिय समितिको निर्णय भन्ने कतै सुनिदैन । सुनिन्छ त म, मेरो, मेलै, प्रचण्डले मात्र । यसको एउटा उदाहरण तपाईले नेकपा कालमा केपी ओलीलाई लेखेको पत्रमा म भन्ने शब्द ३४ पटक दोहोरिएको छ भने हामी भन्ने एक ठाउँमा मात्र । हामीले ओलीभित्रको बा प्रवृत्तिले कम्युनिस्ट आन्दोलनमा पारेको नकारात्मक प्रभावको खण्डन गर्दै गर्दा हामीभित्र पनि अर्को रुपको बा प्रवृत्ति देखिएको छ । तपाई आफै ससशिर उपस्थित भएको ठाँउमा तपाईका लस्करै तस्बीर राख्न कसले निर्देशन दिएको हो ? कमरेड अध्यक्ष, त्यो ठाउँमा दिलबहादुर वा सुरेश वाग्ले अथवा सहिदहरुको तस्बीर राखेको भए हाम्रो संस्कति कति सुसंगत हुन्थ्यो होला ?

*१४ पुस, ०७८*

## महालेखा...

माध्यमबाट बेरुजुमा राख्ने गरिन्छ ।

अघिल्लो महिना अर्थमन्त्री जनार्दन शर्मालाई बुझाएको प्रतिवेदनको सारांश महालेखा नियन्त्रक कार्यालयले बुधबार सार्वजनिक गरेको हो ।

तथ्यांक अनुसार गत आर्थिक वर्षको कुल निकासा/खर्चको २.११ प्रतिशत रकम बेरुजु हुन आएको छ । उक्त आवमा सरकारले १४ खर्ब ७४ अर्ब ६४ करोड रुपैयाँको बजेट ल्याएको थियो । यसबाट ११ खर्ब ९६ अर्ब ६० करोड रुपैयाँ बेरुजु देखिएको हो ।

यो आर्थिक वर्षमा राजस्वतर्फका बेरुजु भने २३ करोड ३१ लाख रुपैयाँ देखिएको छ । यस आवमा कुल ९ खर्ब ७६ अर्ब ३२ करोड रुपैयाँ बराबरको राजस्व संकलन भएको थियो । आन्तरिक लेखा परीक्षणबाट ०.०२ प्रतिशत राजस्व बेरुजु देखिएको छ ।

महालेखा नियन्त्रक कार्यालयले देशभरका ४७११ कार्यालयका १५ हजार ५ सय ५७ वटा बजेट उपशीर्षकको आन्तरिक लेखा परीक्षण गरी प्रतिवेदन बनाएको हो ।

१४ खर्ब ७४ अर्ब ६४ करोडको विनियोजनमा खर्च/निकासा ११ खर्ब ९६ अर्ब ६० करोड हुँदा २५ अर्ब २६ करोड ५० लाख बेरुजु देखिएको हो ।

***अघिल्लो वर्षभन्दा दोब्बर वृद्धि***

तथ्यांक अनुसार बेरुजु रकम आर्थिक वर्ष २०७६/७७ को तुलनामा आव २०७७/७८ मा दोब्बर भन्दा बढीले बढेको छ ।

आव २०७६/७७ मा आन्तरिक लेखा परीक्षणबाट मात्र ११ अर्ब ३९ करोड ९७ लाख रुपैयाँ बेरुजु देखिएको थियो । यो वर्ष उक्त आवमा भन्दा १३ अर्ब ८६ करोड ५३ लाख रुपैयाँ अर्थात् १२१.६२ प्रतिशत बढी बेरुजु देखिएको हो ।

महालेखा नियन्त्रक कार्यालयको प्रतिवेदन अनुसार बढी भुक्तानी तथा आधार नभएको खर्च शीर्षकमा बिल/भरपाई बेगर खर्च गर्नु, प्रचलित मान्यता विपरीत भुक्तानी भएको रकम, खरिद व्यवस्थापन तर्फ नियमित हुन नसकेको रकम, असुल उपर गर्नुपर्ने भनि तोकिएको रकम, म्याद नाघेको पेस्की रकमलगायतलाई बेरुजुमा राखेर हिसाब गरिएको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय : ९ अर्ब ५७ करोड, स्थानीय तह : ८ अर्ब २६ करोड ६१ लाख, रक्षा मन्त्रालय : १ अर्ब ८७ करोड १५ लाख, शहरी विकास मन्त्रालय : १ अर्ब ३२ करोड ९३ लाख, अदालत : ८८ करोड ५२ लाख बेरुजु रहेको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार मन्त्रालय र केन्द्रीय निकायले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्छ । तर, धेरै मन्त्रालय र निकायमा यस्तो व्यवस्था गरिएको छैन । अर्कोतर्फ समान प्रकृतिका कामका लागि एउटै केन्द्रीय निकायमा समेत फरकफरक मापदण्ड हुँदा अनियमितता बढिरहेको समेत प्रतिवेदनको निष्कर्ष रहेको छ ।

## बालिका विमला वोगटीको न्यायको निम्ति अखिल (क्रान्तिकारी) उत्रियो सडकमा, दोषीलाई हदैसम्मको कारबाही गर्न जोडदार माग




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) ले आज माइतीघर मण्डलामा विमला वोगटीको न्यायको निम्ति विरोध प्रदर्शन गरेको छ । सो कार्यक्रममा अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेलले विमला वोगटीको मृत्यु नभइ हत्या नै भएको बताएका छन् ।

उनले भने, 'हामी सरकारसँग अनुरोध गर्दछौं दोषीलाइ हदैसम्मको कारबाही होस् होइन भने अखिल (क्रान्तिकारी)ले कारबाही गर्छ एक जना विमलाको कुरा मात्र होइन यस्ता हजारौं विमलाहरूले ज्यान गुमाउनु पर्ने अवस्था आउन सक्छ ।'

विद्यार्थीहरूको हक-अधिकारको सुनिश्चितता तथा उनीहरुले स्वतन्त्रपूर्वक अध्ययन गर्न पाउने वातावरण तयार गर्न नेपाल सरकार र सम्बन्धित निकायसँग माग समेत गरे । विमलाले न्याय नपाए अझै संघर्ष चर्काउने र दोषीलाइ कारबाही नभएसम्म विद्यार्थीले स्वस्फुर्त पढ्न पाउने वातावरण निर्माण नगरेसम्म आन्दोलन जारी राख्ने अध्यक्ष गजुरेलले चेतावनी दिए । उनले घटनाको सत्यतथ्य छानविन गरी घटनाका दोषीहरुलाई पक्राउ गरी हदैसम्मको कारवाही गर्न माग समेत गरे ।

त्यस्तै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा विद्यालय प्रशासनले रेस्टिकेटसम्म गर्ने धम्की दिँदै विद्यालयमा अध्ययनको निम्ति प्रवेश नदिइएकोले उक्त धम्की र व्यवहारबाट प्रताडित भएकी बिमलाको स्वाभाविक मृत्यु नभइ हत्य नै भएको अध्यक्ष गजुरेलले जिकिर गरे।

त्यस्तै पार्टीका केन्द्रिय सदस्य वसन्त वोगटीले अहिले यो आन्दोलन सानोदेखिए पनि यो ठूलो लडाइको निम्ति यो आन्दोलन संगठित हुँदै गएको बताए । अहिलेको दलाल प्रतिक्रियावादी राज्य सता र व्यवस्थाले गर्दा अहिले यस्ता किसिमका घटना घट्ने गरेको समेत उनले आरोप लगाए ।विराध कार्यक्रमको संञ्चालन अखिल क्रान्तिकारीका महासचिव पेसल दाहालले गरेका थिए ।

# क्रान्तिकारी पत्रकार महासंघ बाँकेको दोस्रो भेला सम्पन्न, क्रान्तिकारी पत्रकार महासंघ दाङ अध्यक्षमा ईश्वरीप्रसाद गैरे







कोहलपुर । क्रान्तिकारी पत्रकार महासंघ बाके जिल्लाको दोस्रो भेला कोहलपुरस्थित मदनचोकमा आइतबार सम्पन्न भएको छ । जनपक्षीय पत्रकारहरुको साझा सङ्गठन महासङ्घले संगठन बिस्तार तथा सुदृढ अभियान अन्तरगत भेला भएको हो ।

भेलाले सलमन केसी को अध्यक्षतामा २१ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ । समितिको उपाध्यक्ष प्रज्वल नेपाली सचिव रितु बिस्ट; सहसचिव लक्ष्मी बुढा र कोषाध्यक्षमा भावना बुढा निर्वाचित हुनुभएको छ । त्यस्तै समितिको ७ सदस्यीय सचिवालयमा ५ जना पदाधिकारी सहित सरिता थारु र सुरज रेगामी रहेको जिल्ला सचिवालय समेत गठन गरेको छ ।

महासङ्घको जिल्ला सदस्यहरुमा टपेन्द्र न्यौपाने; बिजय गुरुङ ; बुद्धि राम पोखरेल ; परिमल बिक; जीवन मेदासी मगर; दिपेश राना; सिर्जना पान्डे; बिनिसा पाठक; बिनिता थापा; नरेन्द्र जैसी ; बिनोद पुन ; सुमन राउत पवन सिह ठकुरी रहनुभएको छ ।

कार्यक्रममा क्रान्तिकारी पत्रकार महासङ्घका केन्द्रीय महासचिव रवि पान्डेयले पत्रकारहरु प्रचारकर्ता संगठनकर्ता र आन्दोलनकर्ता रहेको बताउदै पत्रकारहरुले राज्य ब्यवस्था परिवर्तनको पक्ष लेख्नुपर्नेमा जोड दिनुभयो । उहाले जनपक्षीय पत्रकारको अब्बल संगठन क्रान्तिकारी महासङ्घ रहेको दाबी गर्दै श्रमजिबीहरुको सच्चा पहरेदारको रुपमा अगाडि बढेको बताउनु भयो ।

'पत्रकारहरु वाचडग हुनुपर्छ'- महासचिव पान्डेयले भन्नुभयो- 'संसदीय ब्यवस्थाका ल्यापडग भएका छन । ती सबै बिसङ्गति बिरुद्ध कलम तिखार्नुपर्छ । ' उहाँले क्रान्तिकारी पत्रकार महासङ्घ कलमजिबीहरुको लालसेना रहेको उल्लेख गर्नुभयो । उहाँले आम पत्रकार हुनु र क्रान्तिकारी जनपक्षीय पत्रकार हुनुमा फरक रहेको बताउदै क्रान्तिकारी पत्रकार हुनुमा गर्व गर्नुपर्ने बताउनु भयो । ' कतिपयले आफुलाई क्रान्तिकारी पत्रकार हौ भन्ने भ्रम दिइराखेका छन्' - उहाँले भन्नुभयो- 'हिजो आज ती भ्रमहरु अलि साफ हुँदै पनि गएका छन । अझै भ्रम तोडिन्छ । तोड्नुपर्छ ।'

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) पोलिट्ब्युरो सदस्य एवं प्रदेश सेक्रेटरी भुपेन्द्र न्यौपानेले रास्ट्रियता जनतन्त्र र जन जिबिकाको पक्षमा कलम चलाउनु पर्नेमा जोड दिनुभयो । उहाँले दलाल ब्यवस्था र त्यसका मतियारहरुको विरुद्ध कलमको अस्त्र चलाउन आग्रह गर्नुभयो । क्रान्तिकारी माओवादी केन्द्रीय सदस्य तथा बाके बर्दिया इन्चार्ज तेज बिक्रम शाही क्रान्तिकारी पत्रकारको अभिभावकको रुपमा क्रान्तिकारी माओवादी रहेको बताउनुभयो । भेलामा दे.ज.मो.मा केन्द्रीय सदस्य लक्ष्मी चौलागाईंले लगायत शुभकामना मन्तव्य ब्यक्त गर्नुभएको थियो । सलमन केसिको अध्यक्षता कबिराज यात्रीको संचालन रहेको कार्यक्रममा किसान महासङ्घका प्रदेश अध्यक्ष प्रेम थापालगायतको आतिथ्यता थियो ।

यसैगरी क्रान्तिकारी पत्रकार महासंघ दाङको तुल्सीपुरमा सम्पन्न भएको प्रथम जिल्ला भेलाले ईश्वरी प्रसाद गैरेको अध्यक्षतामा ११ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ ।

भेलबाट उपाध्यक्ष तेज बहादुर बुढाथोकी; सचिव रिता केसी, सहसचिव संगीता मगर र कोषाध्यक्षमा ममता बिक निर्वाचित हुनुभएको छ । समिति सदस्यमा डिला चौधरी; प्रकाश पुन; सरोज न्यौपाने र राम प्रसाद न्यौपाने निर्वाचित हुनु भएको छ ।

कार्यक्रममा क्रान्तिकारी पत्रकार महासङ्घका केन्द्रीय महासचिव रवि पान्डेयले पत्रकारहरु प्रचारकर्ता संगठनकर्ता र आन्दोलनकर्ता रहेको बताउहुँदै जनपक्षीय पत्रकारको अब्बल संगठन क्रान्तिकारी महासङ्घ रहेको दाबी गर्नुभयो र श्रमजीबीहरुको सच्चा पहरेदारको रुपमा अगाडि बढिरहेको बताउनु भयो ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय सदस्य एवं दाङ जिल्ला इन्चार्ज निरज के सी समीरले जिल्लामा ब्याप्त बिकृती बिसङ्गती विरुद्ध कलम चलाउन आग्रह गर्नुभयो । कार्यक्रममा क्रान्तिकारी युवा लिगका महासचिव दिल बहादुर कठायत; अखिल क्रान्तिकारीका प्रदेश सदस्य मनोज थापालगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो । भेला महासङ्घ प्रदेश सदस्य शुसिला आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# देउवाको भारत भ्रमणअघि अतिक्रमित नेपाली भूमि नाबी र गुन्जीमा पुगे भारतीय गभर्नर



काठमाडौं । भारतले अतिक्रमण गरेको नेपाली भुमि कालापानी क्षेत्रका नाबी र गुन्जीमा शनिबार भारतका उत्तराखण्डका गभर्नर गुर्मित सिंहले भ्रमण गरेका छन् । उनले ती क्षेत्रका भारतीय सुरक्षाकर्मी र स्थानीय बासिन्दासँग अन्तरक्रिया समेत गरे ।

सिंहले शनिबार साँझ ट्विटमा नाबी र गुन्जी लगायत सीमा क्षेत्रको भ्रमण गरेको तस्वीर सार्वजनिक गरेका थिए । सिंह भारतीय सेनाका पूर्व लेफ्टिनेन्ट जनरल समेत हुन् ।

उनी गत सेप्टेम्बर १५ मा मात्रै उत्तराखण्डको गभर्नर नियुक्त भएका थिए ।

नेपाल र ब्रिटिस इन्डिया कम्पनीबीच सन् १८१६ मा सम्पन्न सुगौली सन्धिको धारा ५, त्यस समयमा प्रकाशित नक्साहरु र ऐतिहासिक तथ्य एवम् प्रमाण अनुसार काली (महाकाली) नदी र त्यसपूर्वका लिम्पियाधुरा, कुटी, नाबी, गुन्जी, कालापानी र लिपुलेकलगायतका क्षेत्र नेपाली भूमि हुन् । तर यी क्षेत्र र गाउँ दशकौंदेखि भारतीय कब्जामा छन् ।

राणाकालमा कुटी, नाबी, गुन्जी, छाङरु र तिङ्कर पाँचै गाउँको सिर्दो (मालपोत) उठाउने भनी नेपाल सरकारबाट त्यहाँका जिम्मावाललाई दिएको सनद पत्र सरकारले अध्ययनका क्रममा गतवर्ष जम्मा पारेको थियो । त्यहाँका जनतासँग भएका जग्गाका प्रमाण र तिरो तिरेका रसिदहरू नेपाल सरकारसँग सुरक्षित रहेको सरकारी अधिकारीहरु बताउँछन् ।

तिनै नेपाली गाउँको भ्रमण गरेर नेपालसँग सीमा जोडिएको भारतीय राज्य उत्तराखण्डका गभर्नर सिंहले भारतीय सीमा सडक संगठनले सीमा क्षेत्रमा गरिरहेको पूर्वाधार विकासको उच्च प्रशंशा पनि गरेका छन् ।

'गुन्जी र नाबीमा श्रम गरिरहेका सुरक्षाकर्मी तथा यहाँका स्थानीयवासीलाई भेट्न पाउँदा उत्साहित भएको छु', उनले ट्विटमा भनेका छन ।

उनले उत्तराखण्ड राज्य सरकारका तर्फबाट भारतीय सुरक्षाकर्मीलाई जाडोमा लगाउने ज्याकेट समेत वितरण गरेका छन् । भारतीय सुरक्षाकर्मीले सीमा सुरक्षामा खेलेको भूमिकाको उनले प्रशंशा गरेका छन् ।

प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणको तयारी चलिरहँदा भारतीय राज्य उत्तराखण्डका गभर्नरले अतिक्रमित नेपाली भूमिको भ्रमण गर्नुलाई अर्थपुर्ण रुपमा हेरिएको छ । देउवा पुस २५ गते भारतको चार दिने भ्रमणमा जाने तयारीमा छन् ।

नेपालले कालापानी क्षेत्र समेटेर राजनीतिक नक्सा जारी गरेयता नेपालबाट भारतमा हुन लागेको यो नै पहिलो प्रधानमन्त्रीस्तरीय भ्रमण हो । तर भ्रमणमा कालापानीको सवालमा देउवाले कुराकानी गर्लान् या नगर्लान् प्रतिक्षाको बिषय बनेको छ ।

# मल खरिदमा १ अर्ब बढी भ्रष्टचार, १० जनाविरूद्ध अख्तियारले चलायो मुद्दा




काठमाडौं । कृषि सामग्री कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक नेत्रबहादुर भण्डारीसहित १० जना तथा दुईवटा कम्पनीविरुद्ध १ अर्ब ५३ लाख २२ हजार ४ सय ६ रुपैयाँ ७२ पैसा बिगो कायम गरी विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दर्ता गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले डीएपी मल खरिद गर्दा भ्रष्टाचार भएको भन्दै कृषि सामग्री कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालकसहित १० जनाविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दर्ता गराएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नारायण प्रसाद रिसालले एक प्रेस विज्ञप्ति जारि गरि सो विषयमा जानकारि दिएका हुन् ।

'कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतको कृषि सामग्री कम्पनी लिमिटेडले ऋयलतचबअत ल्य डढ/ण्ठठ/ण्ठड बाट खरिद गरेको डीएपी मल नेपाल सरकारले तोकेको गुणस्तरमा नरहेको, कम गुणस्तरको मल खरिद गरी आर्थिक अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा कृषि सामग्री कम्पनी लिमिटेडका कर्मचारीहरू र आपूर्तिकर्तासमेतको मिलेमतोमा कम गुणस्तरको मललाई गुणस्तर युक्त मल भनी रासायनिक मल (नियन्त्रण) आदेश, २०५५, एवं सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ विपरीत कृषि सामग्री कम्पनी लिमिटेडले बिनाप्रतिस्पर्धा प्रमाणपत्र अद्यावधिक नगरेको संस्था Nepal Environmental and Scientific Services (P) Ltd.लाई मलको गुणस्तर परीक्षण प्रतिवेदन दिन लगाएको देखिन्छ,' रिसालद्वारा आइतबार जारी विज्ञप्तिमा उल्लेख छ ।

अख्तियारले तोकिएको गुणस्तरभन्दा न्यून गुणस्तरको मल खरिद गरी आपूर्तिकर्तालाई १ अर्ब ५३ लाख २२ हजार ४ सय ६ रूपैयाँ ७२ पैसा भुक्तानी दिई हिनामिना गरेको पुष्टि हुन आएको जनाएको छ ।

'सो ठेक्काबाट प्राप्त मलको नमुना परीक्षण गराउँदा डीएपी मलको स्पेसिफिकेसन अनुसार Moisture 1.5% (Maximum) हुनुपर्नेमा 12.4%, Total Nitrogen 18% (Minimum) हुनुपर्नेमा 14.2%, Ammoniacal nitrogen 17% (Minimum) हुनुपर्नेमा 13.6%, Total phosphorus (as P2O5) 46% (Minimum) हुनुपर्नेमा 45.1% , Water soluble phosphates (as P2O5) 41% (Minimum) हुनुपर्नेमा 33.1% रहेको भन्ने नेपाल गुणस्तर तथा नापतौल विभागबाट प्राप्त परीक्षण प्रतिवेदनबाट उक्त मल तोकिएको स्पेसिफिकेसनभन्दा कम गुणस्तरको रहेको देखिएबाट कम्पनीले तयार गरेको स्पेसिफिकेसनबमोजिम नै गुणस्तर भएको भनी गलत परीक्षण प्रतिवेदन बनाई भन्सार नाका तथा कृषि सामग्री कम्पनी लिमिटेड प्रधान कार्यालयमा पेस गरे गराएको देखिनुका साथै सोही प्रतिवेदनसमेतका आधारमा आपूर्तिकर्तालाई कुल रकमको ९०% ले हुन आउने रकम रु. १,००,५३,२२,४०६ ।७२ (एक अर्ब त्रिपन्न लाख बाईस हजार ४ सय छ रुपैयाँ बहत्तर पैसा) भुक्तानीसमेत भई उक्त सरकारी रकम हानिनोक्सानी भएको पुष्टि हुन आएकाले देहायबमोजिमका आरोपितहरू तथा संस्थालाई देहायबमोजिम सजायको मागदाबी लिइएको छ,' अख्तियारद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

आयोगले कम्पनीका प्रबन्ध सञ्चालक नेत्रबहादुर भण्डारी, प्रबन्धक विष्णुप्रसाद पोखरेल, सहायक प्रबन्धक दुर्गाप्रसाद पाण्डे, उप-प्रबन्धक पुष्कर दिप बुढा, नेपाल इन्भाइरोमेन्टल एण्ड साइन्टिफिक प्रालिका प्रबन्ध निर्देशक सलिल देवकोटा, सुनिलबाबु खत्री, महेन्द्र कुमार डागा, भोलानाथ चौधरी र मनोज आचार्य र आपूर्तिकर्ता जोशी बीज हाउस प्रालि काठमाडौं तथा प्रतिवादी विनित जोशीउपर मुद्दा दर्ता गरेको छ ।

# कम्युनिस्ट आन्दोलनमा 'गद्दार' शब्दको दबदबा र गद्दारहरुको लावा लस्कर



● खगेन्द्र छन्त्याल ●

*नेपालको कम्युनिस्ट आन्दोलनमा आज एउटा क्रान्तिकारी हिस्साको राम्रै उपस्थिति देखिनुमा उहाहरूको महत्वपूर्ण योगदान रहेको छ । त्यसोत संघर्षकै क्रममा चौथो महाधिवेशन कालमा मोहन बिक्रम सिंहले आनन्द बहादुर छदम नाम वाट 'गद्दार पुष्पलाल' नामक पुस्तक लेख्नुभयो । पुष्पलालको नेपाली कांग्रेसलाई हेर्ने दृस्टीकोण लाई आधार मानेर लेखिएको उक्त पुस्तक केहि समय सम्म चौथो महाधिवेशनको आधिकारिक दस्तावेजनै बन्यो । उक्त पुस्तकको वारेमा पार्टी भित्र बाहिर बहस र आलोचना भए पश्चात मोहन बिक्रम सिंहले पुस्तक भित्र लेखिएको चिजहरू सारमा ठिक भएपनि पुस्तकको नाम चयनमा गल्ति भएको भन्दै आत्मालोचना गरेका थिए*

बुर्जुवा पार्टीहरुमा एकले अर्कालाई गद्दार करार गरेको अक्सर देखिदैन । तर कम्युनिस्ट आन्दोलनमा गद्दार शब्दको निक्कै दवदवा रहेको पाईन्छ । कम्युनिस्ट पार्टीमा हिजो संगै काम गरेको मान्छे आज गद्दार करार गरिन्छ र आज संगै काम गरिरहेको मान्छे भोलि गद्दार करार हुनसक्दछ । यसको कारण हो बर्ग परिवर्तन । अर्थात सर्वहारा वर्गीय बिचार, द्रिस्तिकोण र आचरण, बानि ब्यबहारमा स्खलन । बुर्जुवा पार्टीको प्रतिवद्ध नेता कार्यकर्ता कम्युनिस्ट पार्टीमा सजिलै फिट हुदैन त्यसैले उ सजिलै कम्युनिस्ट बन्दैन, बन्न सक्दैन । तर कम्युनिस्ट पार्टीको नेता कार्यकर्ता बिचार द्रिस्तिकोण वाट स्खलित भैसके पश्चात बुर्जुवा बन्छ र उ बुर्जुवा पार्टीको सजिलै नेता, कार्यकर्ता बन्न सक्छ । त्यसकारण गद्दारीका घटना र गद्दारीका आरोप पत्यारोप बुर्जुवा पार्टीमा कम र कम्युनिस्ट पार्टीमा बढी सुन्न पाईन्छ । वास्तवमा गद्दार भनेको के हो ? कम्युनिस्ट पार्टी संग यसको अन्तर सम्बन्ध बढी किन हुन्छ ? यो चासोको प्रश्न हो ।

CPN Maoist Centre Chairman Pushpa Kamal Dahal speaks at the partyÚs first meeting, in Kathmandu, on Sunday, May 22, 2016= PhotoM DahalÚs secretariat

सामान्यतया निश्चित लक्ष, उद्देस्य बोकेर संगै जुटिरहेका मान्छेहरु मध्य एकाध व्यक्ति या समुह पुर्व घोषित लक्ष ,उद्देस्य वाट बिचलित भै आफ्नो पुर्व लक्ष उद्देस्यका बिरुद्ध केन्द्रित हुनुलाई गद्दारी भनिन्छ । कहिलेकाही संगठनका बहुमत व्यक्तिहरुमा बिचलन आय पश्चात ति व्यक्तिहरुले सिंगो संगठनलाई नै लक्ष,उद्देस्य बिपरित गलत दिशातिर दो-याई रहेकाहुन्छ्न त्यसलाई पनि गद्दारी नै भनिन्छ । र त्यसका बिरुद्ध लक्ष उद्देस्यमा प्रतिवद्ध एकाध ब्यक्ति या समुहले घोषित लक्ष,उद्देस्यको रक्षार्थ बिद्रोह गर्दछन । सरल शव्दमा भन्नुपर्दा आफ्नो वर्ग माथि घात गर्ने र आफ्नै घोषित लक्ष, उद्देश्यका बिरुद्ध गतिबिधि गर्नेहरुलाई नै गद्दार भनिन्छ ।

अवस्य यदि कसैले कम्युनिस्ट पार्टीको लक्ष उद्देस्य बाट बिचलित भएर प्रतिक्रियावादी पार्टीको लक्ष उद्देस्य लाई अँगाल्छ । यदि कसैले कम्युनिस्ट संस्कार ,संस्कृति नैतिकता आचरण र बानि ब्यबहार बाट स्खलित भएर बुर्जुवा संस्कार ,संस्कृति नैतिकता आचरण र बानि ब्यबहार अँगाल्छ । र यो या त्यो विभिन्न नाम बाट या कम्युनिस्टकै नाम बाट कम्युनिस्ट पार्टी र कम्युनिस्ट पार्टीको लक्ष उद्देस्य र कम्युनिस्ट संस्कार ,संस्कृति नैतिकता आचरण र बानि ब्यबहारका बिरुद्ध धावा बोल्छ भने कम्युनिस्टको निम्ति त्यही हो गद्दार,त्यही हो गद्दारी ।

विश्व कम्युनिस्ट आन्दोलनमा गद्दार शव्दको प्रयोग कहिले देखि सुरु भयो ? र कस्तो अवस्थामा यो शव्दको प्रयोग भयो ? अवस्य यो पनि जिज्ञासाको बिषय हुनसक्दछ । ईतिहासलाई सरसर्ती हेर्दा सन् १८४८ मा कम्युनिस्ट घोषनापत्रको जन्म भएर कम्युनिस्ट आन्दोलनको उत्पत्ति भएदेखिनै आन्दोलनमा धोका-घडी ,घात-प्रतिघात र गद्दारीका घटनाहरु घटिरहेका भेटिन्छन । फलस्वरूप जन्मकाल देखीनै विश्व कम्युनिस्ट आन्दोलनमा गद्दार शव्दको प्रयोग हुदै आएको देखिन्छ । वर्न स्टाइन,काउत्स्की , खुरुस्चोभ ,ब्रेजेनेभ ,गोर्वाचोभ र टिटो देखि तेङ् सम्म आइपुग्दा कम्युनिस्ट आन्दोलनलाई घात गर्ने ,पथभ्रस्ट पार्ने र गद्दारी गर्नेहरुको लावा लस्कर देखिन्छ । उनीहरुले कम्युनिस्ट सिद्धान्त,बिचार र दृस्टीकोणको अपव्याख्या गरे । उनीहरुले कम्युनिस्ट आन्दोलनलाई सर्वहारावर्गको हित बिपरित पुजीपति वर्गको सेवामा समर्पित गर्न खोजे । उनीहरु र त्यस अघिका गद्दार हरुका बिरुद्ध मार्क्स,एंगेल्स,लेनिन,स्टालिन र माओ लगायतका क्रान्तिकारीहरुले निर्मम संघर्ष गर्नुभयो ।

संघर्षकोक्रममा नै मार्क्स, एंगेल्स, लेनिन, स्टालिन र माओले उनीहरुका बिरुद्ध थुप्रै शव्दहरु खर्च गर्नुभयो । यहि परिस्थितिमा गोथा कार्यक्रमको आलोचना,ड्युरिंग मत खण्डन ,दर्शनको दरिद्रता ,भौतिकवाद र अनुभवसिद्ध आलोचना आदि विस्वप्रशिद्ध रचनाहरु प्रकाशित भए । कार्ल काउत्स्कीका बिरुद्ध महान लेनिनले मुखै फोरेर 'सर्वहारा क्रान्ति र गद्दार काउत्स्की' नामक पुस्तक नै लेख्नुभयो । सर्वहारा अधिनायकत्वको बिरोध गर्दै पुजीपतिहरुको अधिनायकत्वको समर्थन गर्ने काउत्स्कीको मार्क्सवाद बिरोधि हर्कतहरुको उक्त पुस्तक मार्फत लेनिनले धज्जी उडाउनुभयो । कम्युनिस्ट आन्दोलन प्रति गद्दारी गर्नेहरुनै कम्युनिस्ट आन्दोलनका गद्दार हुन् भन्ने कुरामा मार्क्स देखि माओसम्म सबैको एकमत भएको पाईन्छ ।

नेपालको कम्युनिस्ट आन्दोलनमा गद्दारी र गद्दारहरुको थुप्रै उदाहरण छन् । केशरजंग रायमाझीले आफु कम्युनिस्ट पार्टीको महासचिव हुदा पार्टीलाई दरवारमा बुझायर नेपालको कम्युनिस्ट पार्टी र सर्वहारावर्ग प्रति सवभन्दा पहिलो पटक गद्दारी गरेको देखिन्छ । त्यसपछि मार्क्सवादको आधारभूत सिद्दान्त शसस्त्र संघर्षको अनिवार्यतालाई कुल्चेर मन मोहन अधिकारीले शान्तिपूर्ण संसदीय राजनीति गर्ने व्यहोरा सहितको बिन्तीपत्र दरवारमा चढाएर दोस्रो पटक गद्दारी गरे । ०२८ सालको क्रान्तिकारी झापा आन्दोलन प्रति आत्मालोचित हुदै वर्गसंघर्षको नीतिलाई परित्याग गरेर वर्ग समन्वयको नीति अङ्गीकार गर्दै शान्तिपूर्ण आन्दोलनमा ओर्लेर तत्कालिन क्रान्तिकारी झापा आन्दोलनका नेताहरु सिपी मैनाली ,आरके मैनाली ,के.पी. ओली आदिले नेपालको कम्युनिस्ट आन्दोलन ,नेपाली किशान,मजदुर र झापा आन्दोलनका शहिदहरुको सपना माथि तेस्रो पटक गद्दारी गरे । ०५२ देखि ०६२ सम्मको महान जनयुद्धको मुल्य र मान्यता बिपरित हजारौ शहिदहरुको सपना माथि घात गर्दै प्रचण्ड-बाबुराम एण्ड कम्पनीले कथित शान्ति सम्झौताको नाममा नेपालको कम्युनिस्ट आन्दोलनमा चौथो पटक अर्को गद्दारी गरे ।

उनीहरुले नेपाली जनताका जनसत्ता (जनसरकार ,जन अदालत ,जनसेना ) लाई धोस्त पारेर आफु प्रतिक्रियावादी सत्तामा सामेल हुन पुगे ।

नेपालको कम्युनिस्ट आन्दोलनमा देखिएका यसप्रकारका गद्दारीका बिरुद्ध क्रान्तिकारीहरुले निरन्तर संघर्ष गर्दै आएको देखिन्छ । पुष्पलाल श्रेष्ठ ,भक्त बहादुर श्रेष्ठ ,निर्मल लामा,मोहन वैध 'किरण', सिपि गजुरेल 'गौरव' मोहन बिक्रम सिंह आदि नामहरु नै त्यसप्रकारका संघर्षमा सधै देखिने नामहरु हुन । नेपालको कम्युनिस्ट आन्दोलनमा आज एउटा क्रान्तिकारी हिस्साको राम्रै उपस्थिति देखिनुमा उहाहरुको महत्वपूर्ण योगदान रहेको छ । त्यसोत संघर्षकै क्रममा चौथो महाधिवेशन कालमा मोहन बिक्रम सिंहले आनन्द बहादुर छदम नाम वाट 'गद्दार पुष्पलाल' नामक पुस्तक लेख्नुभयो । पुष्पलालको नेपाली कांग्रेसलाई हेर्ने दृस्टीकोण लाई आधार मानेर लेखिएको उक्त पुस्तक केहि समय सम्म चौथो महाधिवेशनको आधिकारिक दस्तावेजनै बन्यो । उक्त पुस्तकको वारेमा पार्टी भित्र बाहिर बहस र आलोचना भए पश्चात मोहन बिक्रम सिंहले पुस्तक भित्र लेखिएको चिजहरु सारमा ठिक भएपनि पुस्तकको नाम चयनमा गल्ति भएको भन्दै आत्मालोचना गरेका थिए ।

नेपालको राजनैतिक क्षेत्रमा पछिल्लो चरण सम्म आउदा गद्दार शव्दलाई गलत ढंगले प्रयोग गर्न थालेको देखिन्छ । कुनै व्यक्तिले कुनै संगठन संग सम्बन्ध बिच्छेद गर्ने बित्तिकै उसलाई गद्दारको पगरी गुथाउन खोजिनु ठिक होईन । व्यक्तिले संगठन संग सम्बन्ध जोड्नु र तोड्नु भदा पनि लक्ष ,उद्देस्य,सिद्धान्त ,बिचार ,द्रिस्तिकोणमा अडिग रहनु र बिचलित हुनु मुख्य कुरा हो । लक्ष ,उद्देस्य,सिद्धान्त ,बिचार ,द्रिस्तिकोणमा बिचलित भैसकेका व्यक्ति संगठनमा जोडीईरहनु औचित्य हुदैन । लक्ष ,उद्देस्य,सिद्धान्त ,बिचार ,द्रिस्तिकोणमा दृढ व्यक्ति कारणवश संगठन वाट उछित्तिय पनि आन्दोलन प्रति दृढ रहन सक्दछ । आन्दोलन प्रति दृढ रहदासम्म उ गद्दार बन्दैन ।

कहिलेकाही बजारमा राम बहादुर थापा 'बादल'को चर्चा चलेको सुनिन्छ । भनिन्छ,माके महाधिवेशनमा पनि बादललाई गद्दार घोषणा गर्न माग भयोअरे । त्यसअघि पनि त्यो माग नआएको होईन । माग दावी गर्नेहरुका अनुसार बादलले जुनदिन माके छोडेर एमालेमा गए त्यहीदिन देखि उनि गद्दार भए । त्यस अघि उनि क्रान्तिकारी थिए ,यो गलत बुझाई हो । बादलले कुनैदिन प्रचन्डलाई लाल गद्दार करार गर्दै क्रान्तिकारी माओवादीमा धुर्विकृत भएका थिए । लगत्तै उनले मिलेरांवाद नै आजको मार्क्सवाद हो भन्दै आफै लाल गद्दार घोषणा गरेका प्रचण्डको नेतृत्व स्वीकार गर्दै माकेमा फर्कियका थिए । हो, त्यही दिन देखि उनले कम्युनिस्ट पार्टी र सर्वहारावर्ग प्रति गद्दारी गरेका थिए । मिलेरांवादमा पतन नै बादलको गद्दारीको कारक हो क्रान्तिकारी माओवादी या माके वाट अलग हुनु होइन ।

अर्कोकुरा बादललाई गद्दार घोषणा गर्न माग गर्ने मित्रहरुको सैदान्तिक,बैचारिक र सांगठनिक धरातल के हो ? त्यो कुरालेपनि बादल सम्बन्धि उहाहरुको माग सहि या गलत के हो पुस्टि गर्दछ । बादल र उहाहरुको सैद्दान्तिक ,बैचारिक र राजनैतिक धरातलमा भिन्नता छ । उहाहरुले क्रान्तिकारी सिद्दान्त,बिचार र राजनीतिमा अडान राखिरहनु भएकोछ । उहाहरुको संगठन क्रान्तिकारी संगठन हो । उहाको नेतृत्व क्रान्तिकारी हो भने उहाहरुको माग जायज हुन्छ । तर उहाहरुको सैद्दान्तिक ,बैचारिक र राजनैतिक धरातल बादलको भन्दा बेग्लै छैन । उहाहरु आफै क्रान्तिकारी सिद्दान्त,बिचार द्रिस्तिकोण बाट बिचलित भैसक्नु भएको छ । उहाहरुको संगठन र नेतृत्व क्रान्तिकारी होईन भने उहाहरुको माग गलत ठहर्छ । त्यस्तो भयो भने तै रांड र मै रांड को कथा जस्तै हुन्छ । अवसरवादको दलदलमा बसेर अर्कोलाई अवसरवादी करार गर्नु , गद्दारीको दलदलमा बसेर अर्कोलाई गद्दार करार गर्नु राम्रो होईन । यसको मतलव बादल गद्दार होईनन क्रान्तिकारी हुन् भन्ने होईन । क्रान्तिकारी कम्युनिस्टको आँखा वाट हेर्दा बादलले पनि प्रचण्ड-बाबुरामले जस्तै क्रान्तिकारी लक्ष, उद्देस्य संग घात गरिसकेकाछन ,क्रान्तिकारी सिद्दान्त, विचार र दृष्टिकोणवाट बिचलित भैसकेका छ्न र प्रतिक्रियावादी कित्तामा पुगिसकेका छ्न । यसमा कुनै शंका छैन ।

# चितवन बन्द, मेरो गिरफ्तारी र पवन वोटेमाथिको यातना !

मेरो गिरफ्तारी संग पवन वोटेको यातना एक संयोग थिएन । बरु यो त प्रतिक्रियावादी राज्यसत्ताको विगत लामो कालदेखि हुर्कदै बढ्दै र झ्याङ्गिदै आएको पश्वविक अत्यचारको एउटा सिलसिला मात्रै थियो । अर्थात प्रहरी प्रशासनको नित्य यातना कर्मको एउटा श्रृङखला !! मानौ पवन वोटेहरु कुटाइ खाने कर्म लिएर जन्मेका हुन भने प्रहरी प्रशासन मान्छे कुटेर आनन्दानुभुति महसुस गर्ने यातनागृह !!! अर्को शब्दमा भन्नुपर्दा मानौ पवन वोटेलेहरुले यातना पाउनु र प्रहरीले यातना दिनु केटाकेटीले भाँडाकुटी खेले जस्तै हो । समाजमा छरिएर रेहेका असंख्य पवन वोटेहरु प्रहरीहरुको मान्छे कुटेर मनोरन्जन प्राप्त गर्ने विवेकशुन्य कर्मको लत( नशा) का साधन हुन। भुमिकामा उठाउन प्रयत्न गरिएको विषयको संदर्भ र प्रसंग हेर्दा सुन्दा सामान्य भएपनि विषयको गाम्भीर्यताको कोणवाट विवेचना गर्दा निकै दर्दानक रहेको पाईन्छ । यहाँ पवन वोटे पात्र लाई केवल एउटा पात्रमा मात्र सीमित नगरी एउटा वर्ग र प्रवृत्तिको प्रतिनिधिको रुपमा राखेर चर्चा गर्न खोजिएको छ ।

राष्ट्रघाति एमसीसी सम्झौताको खारेजीको लागि देशव्यापी आन्दोलन चलिरहेको छ । चितवनमा पनि विभिन्न दलहरुविच सहकार्य गरि एमसीसी खारेजी संयुक्त संघर्ष समिति निर्माण गरि आन्दोलन अगाडि बडाउदै आइएको छ। यसै सिलसिलामा यहि मंसिर २८ गते संयुक्त संघर्ष समितिको तर्फबाट चितवन जिल्ला बन्द घोषणा गरियो। उक्त बन्द सफल पार्न २७ गते बेलुका नारायणगढ बजारमा मसाल जुलुस सम्पन्न भयो। २७ गते दिनभर २८ गतेको बन्द सफल पार्न व्यापक प्रचार प्रसार गरियो । पर्चा वितरण, सरोकारवाला संघ संस्थालाई पत्रचार आदिले २८ गतेको बन्दलाई प्रचारात्मक हिसावले ठुलो आधार प्रदान गर्यो। बेलुकाको मसाल जुलुस पश्चात् विहान ६.३० बजे नारायणगढ बजारमा आइपुग्ने प्रतिबद्धता सहित सबै आन्दोलनकारी विदा भइयो । पूर्व निर्धारित कार्यक्रम बमोजिम म विहान ६.२० मा नारायणगढ आइपुगे । त्यहाँ आइपुग्दा नेकपा (क्रान्तिकारी माओवादी ) का केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज कमरेड विकासलाई प्रहरीले पक्राउ गरिसकेको थाह भयो। त्यस पछि मैले सबैतिर यो घटनाको जानकारी गराए र अन्य साथीहरूलाई चाडैं नारायणगढ बजार आइपुग्न अपिल गर्दै कार्यक्रममा प्रहरी दमन र हस्तक्षेप विरुद्ध प्रतिरोध संघर्षका थप योजना वनाएर अगाडि जानुपर्ने कुरामा जोड दिन थाले । बजारका पसल विद्यालय कल कारखाना र स्थानीय यातायात हाम्रो अनुरोधमा बन्द भएको हुनाले हमीलाई बन्द सहज हुँदै गइरहेको थियो। स्थानीय र छोटो दुरीका सबै यातायात बन्द हुदा लामो दुरीका कतिपय साधनहरुलाई बन्दमा सहमत गराउन हामीलाई खासै कठिनाइ थिएन । तै पनि प्रहरीको गतिविधि हाम्रो चुनौति भने छदै थियो। लामो दुरीका सवारीसाधनलाई प्रहरीले चलाउन उत्प्रेरित गरिरहेकाले उनीहरुले हामीलाई दमन गर्ने प्रष्ट संकेत मिलेको सहजै अनुमान लगाउन सकिन्थ्यो ।

विहान ७.३० बजे तिर सबैतिरबाट साथीहरू जम्मा हुँदै थिए। आन्दोलनकारीको संख्या विस्तारै विस्तारै बढ्दै गइरहेको थियो। त्यहिबेला प्रहरीले केही गाडिहरुलाई स्कटिङ गेरर संचालन गर्न खोजेपछि त्यहाँ अलि असहज स्थिति पैदा हुदै गइरहेको थियो । बन्दको प्रतिरोध गर्ने क्रममा विहान ८.०० बजे तिर राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष कमरेड डम्बर पुरी, विप्लव नेकपाका जिल्ला इन्चार्ज कमरेड संदेश पौडेल र नेकपा कट्टेल समुहका जिल्ला संयोजक कमरेड बद्री अधिकारीलाई प्रहरीले गिरफ्तार गर्यो। उहाँहरुको गिरफ्तारीले



● अशोक शर्मा ●

आन्दोलनकारीहरुलाई थप आक्रोशित पार्नु स्वभाविक नै थियो। त्यसपछि आम्नेसाम्ने भएका प्रहरी र आन्दालनकारीहरु विच गाडि खुलाउने र बन्द गराउने विषयमा थप आक्रमक हुँदै जाने क्रममा स्थिति थप असहज बन्दै गइरहेको थियो । यसै सिलसिलामा प्रहरी स्कटिङको सहयोग लिएर कमलनगर तर्फ जाँदै गरेको एउटा ट्रकको साथीहरूले चाबी जफत गर्ने प्रयत्न गरिरहेको बेला प्रहरीले थप हस्तक्षेप बढायो र गाडिको ड्राइभरको ईसारामा नेकपा क्रान्तिकारी माओवादीका विद्यार्थी नेता कृष्ण सुनार र अनिल परियारलाई प्रहरीले गिरफ्तार गर्यो। प्रहरीको आडमा ट्रक ड्राइभरले नै यसरी आन्दोलनकारीहरुलाई पक्राउ गराएको घटनाले स्थितिलाई थप जटिल र असामान्य बनाइदिदा गाडि आन्दोलनको निसानीमा पर्न गयो जस्को कारण गाडीको अगाडिको सीसा फुट्न पुग्यो ।

बन्दको दिन विहनवाटै म र कमरेड सुरेश गौतम लगायत साथीहरू प्रहरीको निगरानीमा भएको कुरा हामीले महशुस गरेकै थियौं। तैपनि हामीलाई गिरफ्तार गर्ने बहाना प्रहरीले भेटेको थिएन। तर जब ट्रकको सिसा फुट्यो तब प्रहरीले म र कमरेड शुरेस गौतममाथि सिधा निसानी साधिहाल्यो। जब प्रहरी हामीतिर सोभियो तब हामी नजिकै कमरेड जगत बहादुर श्रेष्ठको घरभित्र सेभ हुने कोशिष गरिरहेका थियौं तर उपयुक्त बहाना मिलाएर पक्राउ गर्ने योजनामा रहेको प्रहरी हामीलाई पक्राउ गर्न थप सक्रिय भयो र अन्ततः हामी दुबै जना पक्राउ परियो। उक्त दिन सडकको बन्दलाई लिड गर्न मैले कुनै पनि हालतमा पक्राउ नदिने गरि हामी बिच भएको निर्णय अनुसार मैले गिरफ्तार नदिन अनेक जुक्ति लगाएको भएपनि योजनामा आएको प्रहरीले अन्ततः पक्राउ गरिछाड्यो ।

कमरेड शुरेश गौतम र कमरेड अमर थापालाई पक्राउ गरि जिल्ला कार्यालय लग्यो भने मलाई वडा प्रहरी कार्यालय पुलचोक लग्यो । वडा कार्यालयमा पुग्दा कमरेड विकाससंग भेट भयो । उहाँलाई विहान पक्राउ गरि त्यहीं लगिएको रहेछ । उहाँ बाहिर वसिरहनु भएको थियो तर मलाई भने प्रहरीले भित्र थुनामा पठायो । यसरी कमरेड विकासवाट अलग बनाएर हिरासत भित्र किन लग्यो ? भन्ने विषयले हामी अलि अचम्मित भयौं । पछि थाहा भयो कि म र सुरेश गौतमलाई गाडी तोडफोड गरेको आरोपमा पक्राउ गरिएको रहेछ । दिनभर वडा प्रहरी कार्यालयको हिरासतमा राखेर कमरेड विकास र मलाई जिल्ला प्रहरी कार्यलय लगियो जहाँ गिरफ्तार अन्य साथीहरू पनि राखिएको थियो । जब हामी जिल्ला प्रहरी कार्यालय पुग्यौं तर त्यहाँबाट कमरेड शुरेस र मलाई अन्य गिरफ्तार साथीहरूवाट अलग गराइयो । पछि थाह भयो कि हामीलाई गाडीमा क्षति पुऱ्याएको आरोपमा म्याद थप गरेर थुनुवा पुर्जी दिने तयारी गरिएको रहेछ त्यो कुरा हामीले बेलुका स्वास्थ्य परिक्षण गराउन सरकारी हस्पिटल लगेपछि थाहा पायौं ।

स्वास्थ्य परिक्षण गरेर ल्याएपछि हामी दुइजनालाई प्रहरी कन्ट्रोल भित्र राखियो भने गिरफ्तार अन्य साथीहरूलाई रिहाइको प्रक्रिया अगाडि बढाउन थालियो । तर अन्य गिरफ्तार साथीहरूले हामी दुइजनालाई छोडेर मात्रै जाने अडान राख्न थाल्नु भयो भने बाहिर समर्थक साथीहरुले हामीलाई छुटाउन विभिन्न तरिकाले दवाव सृजना गरिरहनु भयो, जस्को परिणामस्वरूप अन्ततः प्रहरी प्रशासन बिनासर्त हामीलाई रिहाइ गर्न बाध्य भयो ।

यहाँ त्यो दिनको हाम्रो गिरफ्तारी संग जोडिएको पवन वोटेको घटना उल्लेख्य गर्न खोजेको संदर्भ निकै कहालीलाग्दो छ । जस्लाई दुनियाँको सामु ल्याउन जरुरी छ भन्ने मैले उतिवेलै महशुस गरेको थिए । त्यो विषय र त्यससंग जोडिएको प्रहरी अत्याचारको भद्दा प्रहसनको वास्तविकता बहिर ल्याउन जरुरी छ ता कि आगामी दिनमा पवन वोटे जस्ता थुप्रै पवन वोटेहरुमाथिको बर्बरता लाई अन्त गराउन सकियोस ।

जब मलाई गिरफ्तार गरि वडा कार्यालयको हिरासत लगियो त्यहाँ एक जना माडितिरको घले भाइलाई गाडि दुर्घटनाको मुद्दामा ल्याएको रहेछ । त्यसको केहि समयपछि एक जना मध्यकदको कालो कालो वर्णको एक जना भाइलाई दुइजना प्रहरीले अलि अस्वभाविक ढंगले कठालोमा समातेर मलाई थुनेको कोठामा हुत्याइदिए। प्रहरीको हुत्याइले ती भाइ मेरो आडैमा थेचारिए। "साले अब यहि बस" कुनै चिडियाखानामा एउटा बलशाली जनावरलाई थुन्न सकेकोमा गर्व गरेको भावमा मैमत्त हुदै उसलाई थप आतंकित बनाएर प्रहरीहरु बाहिरिए । त्यसपछि मैले उनीलाई सोधें," भाइ तपाईंलाई के कसुरमा ल्याइएको हो " " दाइ खास केहि होइन म नियमित

बाँकी ७ पेजमा

# अखिल नेपाल लेखक संघको दोस्रो राष्ट्रिय भेला सम्पन्न
## मित्रलाल पंज्ञानीको अध्यक्षतामा ४५ सदस्यीय कार्यसमिति चयन



विजयराज आचार्य, कोषाध्यक्षमा पूर्ण बहादुर अधिकारी तथा सदस्यहरुमा देवेन्द्र लम्साल,धनेश्वर पोखेल, प्रभात सापकोटा, चित्र बहादुर थारु, लोकराज रेग्मी, नारायण शर्मा विपिन लगायत हुनुहुन्छ ।

त्यस्तै सदस्यहरुमा प्रकाश खनाल, रेवतीरवण खनाल,उमेश आचार्य, सुकुम शर्मा, सुनिता बुढाथोकी,ईन्दिरा अधिकारी, पुण्य आचार्य, मिसम अधिकारी,खगेश्वर सापकोटा,बाबुराम गिरी, अर्जुन ढकाल, सूर्य भट्टराई,पूर्ण सुनार, नारायण न्यौपाने, विमला चन्द,गोपाल वैद्य, सिताराम केसी,शितल कर्ण, लक्ष्मी चौलागाईं र ईश्वरी प्रसाद गैरे लगायत हुनुहुन्छ ।

कार्यक्रममा प्रमुख अतिथि प्रा. डा. जगदीशचन्द्र भण्डारी, विशिष्ट अतिथि क्रान्तिकारी माओवादीका पिबिएम चन्द्रहरि सुवेदी, अतिथिहरुमा अम्बिका मुढवरी, रोशन जनकपुरी, हिरामणि दुःखी, धनेश्वर पोखेल, रवि पाण्डे, बलराम तिमिल्सिना, घननाथ सापकोटा लगायत हुनुहुन्थ्यो ।

यसअघि भेलामा अतिथिहरुले शुभकामना मन्तब्य राख्ने क्रम भएको थियो । भेला उदघाटनमा प्रमुख अतिथि अखिल नेपाल जनसास्कृतिक महासङ्घका अध्यक्ष प्रा. डा. जगदीशचन्द्र भन्डारीले महासङ्घको घटकहरुको भेला सम्मेलन गर्दै अगाडि बढ्ने बताउनु भयो । कार्यक्रममा नेकपा क्रान्तिकारी माओवादी पोलिटब्युरो चन्द्रहरी सुबेदी अटलले राजनीतीमा नयाँ परिस्थिति निर्माण हुने बताउदै राजनैतिक ध्रुवीकरण सन्निकट रहेकोले लेखकहरुको भुमिका भनै बढेको उल्लेख गर्नुभयो । त्यस्तै अखिल नेपाल महिला संघ (क्रान्तिकारी) अध्यक्ष अम्बिका मुडभरीले उत्पीडितहरुको पक्षमा लेखन कार्य हुनुपर्ने बताउनु भयो । त्यस्तै अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी)का महासचिव धनेस्वर पोखरेलले मजदुर किसानले र सामान्य मान्छेले बुझ्ने साहित्य रचना गर्नुपर्ने धारणा राख्नुभयो ।

मार्क्सवादी लेखक तथा विश्लेषक रोशन जनकपुरीले लेखनमा सर्बहारा बर्गको बिम्ब छ कि छैन भन्ने कुरा महत्वपूर्ण हुने बताउनुभयो । मार्क्सवादी सास्कृतिक मोर्चाका संयोजक इस्मालीले सास्कृतिक आन्दोलनमा लेखकहरुको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्नुभयो । प्रगतिशिल साहित्यकार बलराम तिमिल्सिनाले लेखक संघका कमान्डरहरुले कलमजिबि लालदस्तामा निर्माणमा जोड दिनुपर्ने बताउनु भयो । क्रान्तिकारी पत्रकार महासंघका महासचिव रवि पान्डेयले भेलालाई शुभकामना दिदै लेखक संघले नयाँ पुस्ता जोडन पहल लिनुपर्ने बताउदै 'लेखक र क्रान्तिकारी पत्रकार बिच युनिफाइड योजना बनाउन आवश्यक छ ' भन्नुभयो ।

उदघाटन संघका अध्यक्ष मित्रलाल पञ्ज्यानीको अध्यक्षता उपाध्यक्ष रवि किरण निर्जीवको स्वागत महासचिव अनिल श्रेष्ठको सञ्चालनमा भएको थियो । कार्यक्रममा देशभरका क्रान्तिकारी लेखकहरुको यस भेलाले नयाँ केन्द्रीय निर्वाचित गर्ने आयोजकले जनाएको छ । भेला पछि रास्ट्रिय स्वाधीनताको लागि सिर्जना अभियानअन्तर्गत साहित्यिक कार्यक्रम भएको थियो ।

# राष्ट्रिय स्वाधीनताका लागि कविता
# ३४ स्रष्टाले सुनाए आफ्नो सिर्जना



चितवन । 'राष्ट्रिय स्वाधीनताको लागि सिर्जना अभियान' अन्तर्गत इच्छुक साँस्कृतिक प्रतिष्ठानको आयोजना र अखिल नेपाल लेखक संघको सहआयोजनामा चितवनको रत्ननगरमा भएको कविता गोष्ठीमा ३४ जना स्रष्टाहरुले आफ्नो काव्यिक रचना प्रस्तुत गर्नुभएको छ ।

इच्छुक साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखीको अध्यक्षता र मोदनाथ मरहट्ठाका सञ्चालनमा भएको कविता गोष्ठीमा राष्ट्रिय स्वाधीनताको पक्षमा स्रष्टाहरुले आफ्नो कविता प्रस्तुत गर्नुभएको थियो ।

देशैभरबाट जम्मा हुनुभएका ३४ जना स्रष्टाहरुले आफ्नो सिर्जना प्रस्तुत गर्नुभभएको थियो भने कार्यक्रमका अतिथि प्रा.डा.ताराकान्त पाण्डेयले काव्यिक रचनाको विषयमा प्रशिक्षणात्मक मन्तव्य राख्नुभएको थियो । उहाँले साहित्य र सिर्जना पनि वर्गीय हुने र जनपक्षीय तथा क्रान्तिकारी सर्जकहरुले वर्गपक्षधरता र क्रान्तिकारी स्प्रिटलाई समातेर सिर्जना गर्नुपर्नेमा जोड दिनुभएको थियो । उहाँले खासगरी श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायको मुक्ति र स्वतन्त्रतालाई लक्षित गरी यस्ता साहित्यक तथा काव्यिक सिर्जनाहरु हुनुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा शीला योगी, बाबुराम गिरी, अम्बिका मुडभरी, रविकिरण निर्जिव, उमेश आचार्य, रवि पाण्डेय, नारायण न्यौपाने, प्रेम कडेल, डा.चन्द्रमान बज्राचार्य, इश्वरी ओझा, पोषराज पौडेल, देवेन्द्र लम्साल, सुजिता परियार, नन्दिश अधिकारी, यज्ञबहादुर डाँगी, विष्णु न्यौपाने, माधव खनाल, पुण्य आचार्य, छायादत्त न्यौपाने, समिक्षा मरहट्ठा, नारायण शर्मा विपिन, खनाल रेवतीरमण, पर्शुराम कोइराला, अशोक शर्मा, धनेश्वर पोखरेल, प्रकाश घिमिरे, चित्रबहादुर थारु, रोशन जनकपुरी, महादेव पोखरेल, अनिल श्रेष्ठ, पूर्णवहादुर अधिकारी, बलराम तिमिल्सिना, मित्रलाल पंज्ञानी र जगदीशचन्द्र भण्डारीले आफ्ना काव्यिक रचना वाचन गर्नुभएको थियो ।कविता गोष्ठीमा पूर्णबहादु अधिकारीले स्वागत मन्तव्य राख्नुभएको थियो ।

## ❑ साताको कविता

### एमसीसी र स्वाधिनता



❑ नारायण न्यौपाने ❑

१
एमसीसी के हो ?
उच्च पदस्त नेता तथा सरकारी कर्मचारीहरु भन्छन "
६३० मिलियन अमेरिकी डलरको परियोजना हो रे एमसीसी !
१३०मिलियन डलर नेपाली र ५०० मिलियन अमेरिकन अनुदान हो रे एमसीसी !
४०० केभि बिधुत र ३०२ किमि सडक बिकासमा आउदैछ रे एमसीसी ।
आर्थिक सम्बृद्धी गरि गरीवी न्युनिकरण गर्ने परियोजना हो रे एमसीसी ।

२
तर नागरिक अगुवा, पत्रकार तथा बुद्दिजीवीहरु भन्छन'.
नेपालको कानुन भन्दा माथी हुन आउदैछ एमसीसी ।
नेपालको सम्विधान भन्दा माथीहुन आउदैछ एमसीसी ।
इण्डोप्यासिफिक रणनिति कै अंग हो एमसीसी ।
नेपाललाई अचानो बनाएर चिन हान्ने रणनिति हो एमसीसी ।
भारतलाई केन्द्र विन्दुमा राखेर चिनलाई घेराबन्दी गर्ने विचार हो एमसीसी ।

३
बुद्दिजीवीहरु अगाडी भन्छन
परियोजनाको नेपाली भुभागमा नेपाल बोल्नै नपाउने रे ।
परियोजनका बौद्दिक सम्पतिमा नेपालको अधिकारै नहुने रे ।
नेपालमा संचालन गर्ने आयोजना बारे भारतको अग्रिम सहमती चाहिने रे ।
एमसीसी र नेपालको कानून बाझेमा एमसीसी कानून सकृय हुने रे ।
परियोजनाको लेखापरिक्षण अमेरिकी एमसीसी बाटै हुने रे ।
तसर्थ राष्ट्रिय गौरवको आयोजना कसरि हुन सक्छ एमसीसी ।
बास्तवमा नेपालमा असनको सांढे हुन आउदैछ एमसीसी ।

४
एमसीसी मा के छ ?
एमसीसीको धाराहरुमा लेखेको भन्दा दफा र अनुसुचीहरुमा कपटिपुर्ण चाल छ ।
धारा ३ को दफा ३ मा बौद्दिक सम्पतिमा अमेरिकाको पुर्णाअधिकार छ ।
धारा ३ को उपदफा ८ मा परियोजनाको लेखापरिक्षण अमेरिकी कम्पनीले गर्ने छ ।
धारा ५ को क/ख मा नेपालको राष्ट्रिय कानून बाझिएमा पनि एमसीसी नै लागुहुने छ ।
अनुसुची १ मा परियोजनमा राज्यका निकायहरु खटाउदा एमसीसीको पुर्व स्वीकृती लिनु पर्नै छ ।
एमसीसीले चाहेमा बिनाकारण सम्झौता रद्द गर्न सक्ने छ ।

५
जनताको भनाई
यदी विना सर्त बिदेशी सहायत मात्र हो भने
अर्थ मन्त्रालयद्धारा सम्झौता गरेर लागु गर ।
तर संसदको छलफलमा लग्नु हुदैन एमसीसी
संसदमा पारित गर्नु त हुदै हुदैन एमसीसी ।
नेपालको कानून र संविधान भन्दा माथि त कहिल्यै हुदैन एमसीसी ।
जबर्जस्ती शर्त सहितको रकम कहिलै अनुदान हुंदैन
स्वाभिमानमा आंच पुर्याउदै नाजायज फाइदा लिनु हुदैन ।
अनुदान लिएर मात्र देश कहिल्यै स्वाभिमान र आत्मनिर्भर बन्दैन ।
बल मिच्च्याइ द्धारा ५५ अर्वमा चाकडि गर्नु र भाडभैलो निम्त्याउनु हुंदैन ।
एमसीसीले दुर्घटना नल्यावस सांसदहरुमा सदबुद्धी पलाओस्

६
तर ए नेताहरुहो तिम्रो बुद्दी काहां पलाउला र
गण्डक सम्झौता गर्दा पलायो कि ?
कोसी सम्झौता गर्दा पलायो ?
टनकपुर तथा महाकाली सम्झौता गर्दा बेच्दा पलायो कि ?
यि सम्झौता गर्यौं नेपाली जनताले के पायो ?
आखिर जनताले सवै ठांउ गुमाए, देशले धोकै धोका खायो ।
तिमिहरुलाई त सत्ताको मात मात्र लागेको छ ।
केहि देख्दैनौ, केहि सुन्दैनौ, केहि बुझ्दैनौ ।
ए भ्रष्ट नेताहरु हो !
चप्पलबाट पजेरोमा पुग्यौ, छाप्रोबाट राजधानीमा महल बनायौं ?
भष्ट्राचार गर्ने गराउने मतियार आफै छौ अनि सधाउछौ कति ।
स्वदेश र विदेशका माफिया र दलाललाई करछल्न लगाउदै विग्रेकोछ तिम्रो मती ।
अन्तमा
ए तुच्छ विचारका नेताहरु हो यो देश तिमिहरुको बपौती,पेवा र दाइजो हैन ?
जे मन लाग्यो गर्न, जतापायो त्यतै बेच्न र बन्धक राख्न ।
यो देश त ३ करोड नेपालीहरुको साझा र अटल सम्पती हो ।
हामी त पन्चशिल सिद्दान्त र असंलग्न परराष्ट्र नितिको प्रतिपादक छौं र हौं
अव नेपाली जनतामा जागरण ल्याउनै पर्छ ।
सचेत बनौ सवै नेपाली !
एमसीसी खारेज गर्नै पर्छ ! एमसीसी खारेज गर्नै पर्छ !

## माओवादी केन्द्र...

गरिएको छ, त्यो नारासङ्ग दस्तावेज अंतरसम्बन्धित देखिदैन जुन कुरा त्यो पार्टी कै एक जना नेता लेखनाथ न्यौपानेले आफ्नो फरक मतमा प्रस्ट गरेका छन्। जस्तो मूल नारामा नयाँ क्रान्तिकारी बिचार र नयाँ क्रान्तिकारी पार्टी निर्माणमा जोड दिइएको छ तर नीतिमा हेर्दा त्यो नारालाई फिक्का मात्रै पारिएको छैन, त्यो नारालाई नै धज्जी उडाउने नीति अगाडि सारिएको छ। मूल नाराले बिचारमा नयाँ क्रान्तिकारी नीतिको माग गर्दछ र त्यसका लागि मुख्यत क्रान्तिकारी सघर्षका लागि क्रान्तिकारी पार्टीको आवस्यकतामा जोड दिएको देखिन्छ तर प्रचण्डले प्रस्तुत गरेको दस्तावेजले अहिलेको लोकतान्त्रिक गणतन्त्र, संविधानको रक्षा र सुदृढीकरण तथा शान्तिपूर्ण प्रतिस्पर्धाद्वारा समाजवादको निर्माण हुने कुरामा सम्पुर्ण शक्ति लगाउनु पर्ने कुरा उल्लेख गरेको छन्। यो कुनै नया बिचार र दृष्टिकोण नभएर पुजीवादीहरु तथा संसोधनवादीहरुले अगाडि सार्दै आएको असफल र पुरानो नीति हो भन्ने कुरामा कुनै भ्रम छैन। त्यही असफल र पुरानो नीतिलाई बोकेर पुगिने गन्तव्य संसदीय ब्यवस्थाको गोल चक्कर नै हो।

आज कैयौं पुँजीवादी पार्टीहरु समेत यो नीति असफल भएको निस्कर्समा पुगिसकेको पृष्ठभुमिमा त्यही ब्यवस्था र सत्तको परिक्रमा गर्ने महाधिवेशनको नीतिप्रती कुनै पनि क्रान्तिकारीहरुले सामन्य सन्तोष लिने ठाउँ देखिदैन।

राज्यसत्ताको प्रश्नमा कम्युनिस्ट घोषणा पत्रमा भनिएको छ 'खासगरी कम्युनले के साबित गरिसकेको छ भने मजदुरवर्गले बनिबनाउ यंत्रलाई कब्जा गरेर आफ्नो उद्देश्यपुर्तिको लागि जस्ताको त्यस्तै त्यसको उपयोग गर्न सक्दैन।'

उपरोक्त भनाइले नै प्रष्ट गर्दछ कि विद्यमान व्यवस्थालाई यथावत राखेर मजदुरवर्गको अधिकार प्राप्त हुदैन, तर माओवादी केन्द्रले यहि ब्यवस्थामा शान्तिपुर्ण प्रतिस्पर्धा गरेर समाजवादको स्थापना हुने जुन सपना बाडेको छ त्यो हास्यास्पद कुरा नै हो। त्यति मात्र होइन, राष्ट्रिय स्वाधीनको पक्षमा दृढ रहने र त्यो आन्दोलनको नेतृत्व गर्ने कुरा पनि दस्तावेजको धेरै ठाउँमा उल्लेख गरिएको छ तर राष्ट्रिय स्वाधीनता माथि पटक पटक हस्तक्षेप गर्ने भारतीय बिस्तारवाद्को दस्तावेजमा कहि कतै सामान्य आलोचना सम्म गरिएको छैन।

त्यति मात्र होइन, स्वयं प्रचण्डले प्रस्तुत गरेको दस्तावेजमा भनिएको छ, "हालै अमेरिकी रक्षा मन्त्रालयले सार्वजनिक गतेको अभिव्यक्तिले थप युद्धमा सम्लग्न रहने स्पस्ट संकेत गरेको छ। रक्ष मन्त्रालयले दिएको जानकारी हेर्दा शितयद्ध कालिन मानिसिकता साथ चिन रुससङ्गको प्रतिस्पर्धालाई अमेरिकाले चर्काएर लान खोजेको छ वाइडेन प्रशासनले अमेरिका र चिन बीचको सघर्ष लोकतन्त्र र निरुङ्कुशताको लडाइँको रुपमा लिएको छ। अगाडि भनिएको छ हिन्द प्रसान्त क्षेत्रमा साझेदार र सहयोगीहरु सङ्ग थप सहकार्य गर्न निर्देशन दिएको छ भन्ने कुरा स्पष्ट उल्लेख छ।

हिन्द प्रशान्त क्षेत्रमा चिनलाइ रोक्नका लागि अमेरेकाले बेलायत र अष्ट्रेलियासँग बिशेष शैन्य अड्डा बढाउने र सुदृढ गर्ने योजना बनाएको छ।आज भारतसँगको सम्बन्धलाई सुदृढ गर्नुको पछाडि पनि त्यही रणनीतिले काम गरेको छ। यस्तो सजिव अमेरिकाको चित्र प्रस्तुत गरे पनि हिन्द प्रशान्त रणनीतिको अभिन्न अङ्गको रुपमा अगाडि सारिएको एम सी सी लाई पास गर्न उनी जुन प्रकारको सौदावाजी र सम्झौताको लागि मोलमोलाइ गरेका छन त्यसले नै प्रस्ट हुन्छ उनको राष्ट्रिय स्वाधीनताको आन्दोलनको मुख्य ध्यान कतातिर छ भन्ने कुरा प्रष्ट छ।

नेकपा माओवादी केन्द्रको यो महाधिवेशनले लिने नीति र कार्यक्रमले कम्युनिस्ट आन्दोलनको मात्रै होइन, एउटा देशभक्त जनतान्त्रिक पार्टीको भुमिका समेत खेल्न नसक्ने कुरा प्रस्ट देखिन्छ। तर एउटा बिचारणिय कुरा के छ भने माओवादी केन्द्रको महाधिवेशनमा त्यो पार्टीमा बिकास भएको संसोधनवादको विरुद्ध आवज उठाउने र क्रान्तिकारी आन्दोलनको निर्माण र राष्ट्रिय स्वाधीनताको पक्षमा मुख्यत एमसीसी को विरुद्ध जुन आवज उठ्यो त्यो स्वागत योग्य बिषय हो।

माओवादी केन्द्रको मुख्य नेतृत्वले गलत दिशा समाते पनि त्यहाभित्रका क्रान्तिकारी कम्युनिस्ट कार्यकर्ताले जसरी आवाज उठाएका छन, त्यसलाई अबमुल्याङ्कन गर्नु हुदैन। र ती क्रान्तिकारी कार्यकर्तालाइ कम्युनिस्ट आन्दोलनको मूल प्रवाहमा ल्याउनु कम्युनिस्ट क्रान्तिकारीहरुको दायित्व र कर्तव्य हो। जहाँसम्म माओवादी केन्द्रको आठौं महाधिवेशनले पारित गरेका नीति कार्यक्रम र योजना छन, ती सबैको अध्ययन गर्दा माओवादी केन्द्र कम्युनिस्ट आन्दोलनको कोणबाट धेरै टाढा पुगेको देखिन्छ।

एउटा कम्युनिस्ट पार्टीमा हुने आधारभूत मुल्य, मान्यता र आदर्शबाट च्युत भएको छ र संसदीय राजनीतिको एउटा खेलाडी बन्न पुगेको छ। यसर्थ माओवादी केन्द्रको लागि क्रान्तिकारी लाइन बिचार र सघर्षको कुरा एउटा भुत जस्तो बन्न पुगेको छ। त्यसैको परिणाम हो प्रचण्डले बिगतमा बिद्रोहको कुरा गर्नु गम्भीर गल्ती भएको आत्माआलोचना गर्नु। यी केही तथ्यहरुले नै प्रमाणित गर्दछ कि अब माओवादी केन्द्र र त्यसको नेतृत्व अब संसदीय ब्यबस्था र प्रणालीबाट बाहिर निस्कने सम्भावना छैन। त्यहा भित्रका क्रान्तिकारी इमानदार कार्यकर्ताले त्यो पार्टी भित्र अन्तरसघर्ष गरेर पार्टीलाई रुपान्तरण गर्न सकिन्छ भनेर सोच्नु ढुङ्गामा ओथारो राखेर चल्लाको आश गरे जस्तै नै हो।

## अमेरिकी...

लागि भारत–अमेरिकाको बलियो साझेदार आवश्यक भएको र अमेरिका,अस्ट्रेलिया–भारत–जापानको चारपक्षीय छलफल (क्वाड) र सन् २०१९ सेप्टेम्बरमा क्वाडका मन्त्रीस्तरीय ऐतिहासिक बैठकसमेत सैन्य मोर्चा नै भएको' उल्लेख गरिएको छ।

दस्तावेजको पृष्ठ ११ मा सन् २०१८ डिसेम्बर १८ मा अमेरिका पुगेका एमाले सरकारका तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली र विदेशमन्त्री पोम्पेओको तस्बिर छापेर 'नेपाल–अमेरिकाबीचको साझेदारी बलियो बनाउने' उल्लेख गरियो।

दस्तावेजको पृष्ठ १३ मा 'ट्रम्प प्रशासनको आगमनसँगै हिन्द–प्रशान्त रणनीतिलाई बलियो बनाउन सयौँ मिलियन डलर एमसीसीलगायत संस्थाहरूले सहयोग गरेको र एमसीसीले सन् २००४ देखि हिन्द–प्रशान्त क्षेत्रका देशहरूलाई २.३ मिलियन सहयोग गरेको' उल्लेख गरिएको छ। सोही पृष्ठमा 'एमसीसीले मङ्गोलियालाई ३५० मिलियन डलर र श्रीलङ्कालाई ४८० मिलियन डलर सहयोग गर्ने' समेत उल्लेख गरिएको छ। श्रीलङ्काले एमसीसी सम्झौता अस्वीकार गर्‍यो भने मङ्गोलियाले पनि अस्वीकार गर्ने स्थिति रहेको छ।

दस्तावेजको पृष्ठ २१ मा 'जनवादी गणतन्त्र चीनले सिन्च्याङको उइगुरका अल्पसङ्ख्यक मुसलमानमाथि हिंसात्मक दमन गरेको, तिब्बती धार्मिक नेता छनोटमा हस्तक्षेप गरेको, सन् १९८४ को बेलायत–चीन संयुक्त घोषणाअनुसार हङकङको स्वायत्तता तथा नागरिक स्वतन्त्रता कायम नगरेको' समेत उल्लेख गरिएको छ।

रक्षा विभागको अर्को दस्तावेज 'हिन्द–प्रशान्त रणनीति प्रतिवेदन – २०१९' को पृष्ठ २५ मा 'उत्तर कोरियाको निःशस्त्रीकरणको लागि अमेरिका–दक्षिण कोरियाबीच प्रतिबद्धता गरिएको उल्लेख छ। विश्वमा सबभन्दा बढी हतियार उत्पादन गर्ने र बिक्री गर्ने देश संयुक्त राज्य अमेरिका हो। दक्षिण कोरियामा तैनाथ गरिएको अमेरिकी सेना र हतियारको कारण कोरियाली प्रायःद्वीपमा तनाव भइरहेको तथ्य कसैबाट छिपेको छैन।

प्रतिवेदनको पृष्ठ २९ मा 'हिन्द–प्रशान्त क्षेत्रको १३० ठाउँमा 'कोब्रा गोल्ड' नामका सैनिक अभ्यासमा अमेरिका संलग्न भएको' उल्लेख गरिएको छ।

प्रतिवेदनको पृष्ठ ३१ मा सन् २०१९ अप्रिल १० मा हिन्द-प्रशान्त क्षेत्रको सुरक्षा मामिलामा अमेरिकी सहायक रक्षा सचिव रान्डालनी स्करिभरले चीनको अभिन्न अङ्ग ताइवानको प्रजातन्त्रबारे र पूर्व चीन सागरमा सैनिक अभ्यास बढेको विषय समेत उल्लेख गरिएको छ।

प्रतिवेदनको पृष्ठ ३६ मा 'सन् २०१९ जनवरी १९ मा नेपाल आएका हिन्द–प्रशान्त क्षेत्रका अमेरिकी सैन्य कमान्डर आड्मिरल फिलिप डाभिड्सनको पाँचखाल सैनिक प्रशिक्षालयमा अध्ययन भ्रमणको तस्बिर छापेर सन् २०१८ मा प्रशान्त क्षेत्रमा नेतृत्व गर्ने अमेरिकी सैन्य अधिकारीले नेपालसँग वार्ता गरेको' उल्लेख गरिएको छ। अमेरिकाले हिन्द–प्रशान्त क्षेत्रको लागि सैन्य कमान्डरको व्यवस्था गरी यस क्षेत्रमा स्थलगत अध्ययनमा खटाएको छ।

प्रतिवेदनको पृष्ठ ३८ मा 'सन् २०१९ भित्र हिन्द–प्रशान्त क्षेत्रको सैन्य साझेदारीमा नेपाल र श्रीलङ्कासमेत १२ देश संलग्न हुने लेखिएको छ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले यही डिसेम्बर १० र २१ तारिखमा ११० देशलाई निम्ता गरी आयोजना गरेको 'प्रजातन्त्र शिखर सम्मेलन' मा चीनको अभिन्न अङ्ग ताइवानसमेतलाई समावेश गरी चीनको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने र चीनलाई उत्तेजित पार्ने काम गर्‍यो। बाइडेनको 'प्रजातन्त्र शिखर सम्मेलन'लाई युद्धको तयारीको रुपमा समेत विश्लेषण हुन थालेको छ।

एमसीसी सम्झौताको दफा ४.२ मा एमसीसीले अपरेसन विभागका उपाध्यक्षलाई एसिया, युरोप, प्यासिफिक र ल्याटिन अमेरिकाको अतिरिक्त प्रतिनिधि नियुक्ति गरेको र अनुसूची ५ (क) मा एमसीसीलाई चित्त बुझ्ने योजना नेपाल सरकारले पठाउने र त्यस्तो योजनामा भारत सरकारको समर्थन हुनुपर्ने उल्लेख गरिएको छ। अमेरिकाले हिन्द–प्रशान्त क्षेत्रको अमेरिकी सैन्य गठबन्धनलाई बलियो बनाउन गएको सेप्टेम्बरमा अमेरिका, बेलायत–अस्ट्रेलिया संलग्न 'अकस' सैन्य मोर्चा गठन गरेको थियो। एमसीसी स म भ ा ै त ा म ा प र् त् नेपाललाई अमेरिकाले आफ्नो सैन्य गठबन्धनको सदस्य बनाउन खोजेको कुरा स्पष्ट रुपमा बुझ्न सकिन्छ।

## नेपालबाट...

नेपालको अस्तित्व नै जोखिममा पर्ने भएकोले सम्पूर्ण नेपालीहरुले एक भएर एमसीसीको खारेजीको लागि आवाज उठाउनु पर्नेमा उहाँले जोड दिनु भयो।

नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटब्यूरो सदस्य तथा प्रदेश ३ का इन्चार्ज दिनेश शर्मा सागरको सञ्चालनमा रहेको विरोधसभालाई अध्यक्ष गजुरेल सहित राष्ट्रिय जनमोर्चाका सचिव हिमलाल पुरी, पुष्पलाल अध्ययन समाजका सुर्य कार्की, नेकपा (माले)का घनश्याम मिश्र, मार्क्सवादी एकता अभियानका संयोजक शम्भू कट्टेल लगायतका नेताहरुले सम्बोधन गर्नुभएको थियो।

नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल), नेकपा लगायत २२ राजनीतिक पार्टी तथा संगठनहरुको संयुक्त आयोजनामा एमसीसीको खारेजीको माग गर्दै विरोध प्रदर्शनसहितको सभाको कार्यक्रम गरिएको थियो।

राष्ट्रघाती एमसीसी सम्झौतालाई संसदको कार्यसूचि बन्न नदिने उद्देश्यले २२ दलीय कार्यगत एकताको आयोजनामा आजको विरोध प्रदर्शनको आयोजना गरिएको थियो। आजको संसदको बैठकमा एमसीसी टेवल हुने आशंका गरिएको थियो। तर संसद २२ पुसमा बस्ने भन्दै आजको बैठक स्थगित गरियो।

२२ पुसमा संसदको बैठक बोलाएपछि २२ दलीय कार्यगत एकताले पनि २२ गते सशक्त विरोध प्रदर्शन गर्ने जनाएका छन्। आजको कार्यक्रममा २२ गते संसद भवन अगाडि विरोध प्रदर्शन गर्ने घोषणा गरिएको छ। यसअघिको संसद भवन घेराउ कार्यक्रममा ७५ जना नेता कार्यकर्ताको गिरफ्तारी र २६ जनता नेता कार्यकर्ता घाइते भएका थिए।

## चितवन...

लागू औषधि प्रयोगकर्ता हु, प्रहरीले कोठावाट समातेर त्यतिकै पिट्दै पिट्दै ल्यायो" उसले प्रहरीले पक्राउ संगसंगै कुटपिट समेत गरेको बतायो। " तपाईंको घर कता हो नि?" "मेरो घर भरतपुर वडा न. २५ सुक्रनगर" उसले भन्यो। "अनि यता बसाइ चाहिँ?" क्षेत्रपुरमा रुम छ दाइ एउटा नानी वुडि र म यतै बस्छौ" उस्ले मेरो प्रश्नको उत्तर दियो। "अनि भइको नाम नि?" प्रश्न सुनेर म तिर हेर्दै, " पवन वोटे" उसले उत्तर दियो। उसंग एकछिन यस्तै यस्तै गफ भयो। पवन ३/४ वर्षदेखि भरतपुर बजार नजिकै क्षेत्रपुर बस्दो रहेछ। ऊ संग श्रीमती र एउटा बच्चा पनि रहेछ। उ मजदुरी गर्दो रहछ भने श्रीमती अरुको घरमा भाँडा माझ्ने र कपडा धुने गर्दि रहिछिन। भरतपुर आएपछि उसको लागू औषधिका प्रयोगकर्ताहरुसंग संगत बढेपछि यो कुलतमा उ फसेको रहेछ। उसलाई यसभन्दा पहिला पनि प्रहरीले पक्राउ गरेर थुनामा राखेको रहेछ। यी सबै कुरा ऊ संगको कुराकानीवाट मैले थाह पाएं। एकछिन पछि उसकि श्रीमती सानो बच्चा काखमा च्यापेर उसलाई भेट्न आइन। उनले ऊ संग थुप्रै गुनासा सहित गाली गरिन तर उनको गालिमा गहिलो ऊ प्रतिको माया र सहानुभूति जोडिएको थियो। उनले उस्लाई प्रहरीको जेल जानवाट छुटाउन केही सुधारकेन्द्रतिर पनि सम्पर्क गरेकी रहेछिन। पवनलाई सुधारकेन्द्रमा लगेर मोटो रकम खान सुधारकेन्द्रहरुले वार्गेनिङ गरिरहेका रहेछन। बिचरा ती बैनि एकातिर श्रीमान नछुट्लाकि भन्ने पिर र अर्कोतिर सुधारकेन्द्रले लिने रकम कसरी जुटाउने भन्ने पिर !! अझ सानो बच्चाको समस्या त छदै छ, यस्ता चिन्तै चिन्ताको परिबन्धमा खिन्नतापूर्व उभिएकि थिइन उनी। यहि बिचमा उनको मोबाइलको घण्टी बज्यो सुधारकेन्द्रको मान्छेले फोन गरेको रहेछ। महिनाको १२ हजारमा कुरा मिलेछ र आजै पवनलाई जमानत बसेर लान आउदै गरेको कुरा श्रीमतीले पवनलाई जानकारी गराइन। यो खवर संगै पवनको खुसीको सीमा नै रहेन श्रीमती पनि खुसी नै देखिन्थिन।

मैले पवनलाई लागुऔषधिको कुलत छाडेर जिम्मेवार भई परिवारको भविष्यप्रति केन्द्रित हुन विभिन्न तरिकाले सम्झाइ बुझाई गरें। उसले सुधारकेन्द्रवाट छुटेपछि विदेश जाने आफ्नो योजना रहेको तर आफुसंग विदेश जान लाग्ने रकम नभएको बतायो। कमरेड विकासले उसलाई विदेश नजान वरु यहिँ मजदुरी गरेर परिवार पाल्न सुझाव दिनु भो। उसले यहाँ वस्दा संगतको कारण लागू औषधको कुलत छुट्न गार्‍हो हुने भएको कारण विदेश जाने मानसिकता बनाएको सुनायो। मलाई व्यक्तिगत रुपमा पनि उसको सोचाइ ठिकै लाग्यो। यिनै कुराहरु चल्दै गर्दा दुइ जना प्रहरी जवानहरु पवनलाई लिन आए उसलाई बाहिर निकाले, एउटाले ढाडमा एक पाइव हान्यो अर्कोले एक लात्ती। त्यसपछि उसलाई अन्तै लिएर गए।

हामीवाट छुटाएको करिव पौने घण्टा पछि पवनलाई म बसेको बन्द कोठामा उनीहरु(प्रहरी) ले लिएर आए र उसलाई ढाडस दिदै भने," हेर केटा तं भाग्यमानी रहेछस !! उहाँहरु जस्तो महान मान्छेसंग बस्ने मौका पाइस उहाँहरु संग सिक यो काम छोड !! अनि ठूलो मान्छे बन" !!! । यति भने उनीहरु गइहाले। पवन मेरो नजिकै भुइमा घोसेमुन्टो लाएर चुपचाप बसिरहयो। एकछिन पछि उ हिड्न खोज्यो तर पाइला सार्न सकेन, खुट्टा खोच्याएर हिडन खोज्यो तर हिड्न सकेन। मेरो नजर उसको पिडौलामा पर्न गयो उसका दुइटै खुट्टाको पिडौंला हात्तिपाइले रोग लागेको मान्छेको जस्तै सुनिएको थियो। म अचम्मित भए। "तपाईंको खुट्टा के भएको भाइ?" आश्चर्यचकित मोडमा मैले उसलाई प्रश्न गरे। के हुनु र दाई पापीहरुले बेस्सरी पिटे नि !! मर्न नसकेका पापीहरु!!" उसले अर्को कोठामा लगेर प्रहरीले यातना दिएको बतायो। उसको भनाइ अनुसार हामीवाट छुटाएर अर्को कोठामा लगेर उसलाई प्रहरीहरुले पाइपले लगातार पैतालामा आधा घण्टासम्म पिटिरहे रे। उसलाई पिट्ने मध्देको एउटा आततायी चाहिँ मलाई गिरफतार गर्ने बिना बर्दीको प्रहरी पनि रहेछ र अरु दुइजना बर्दीवाला प्रहरी।

राज्यको विभेदको कारण सबै प्रकारका अवसर गुमाएको पिछडिएको लोपोन्मुख आदिवासी वोटे समुदायको पवन वोटेमाथि प्रहरी प्रशासन नामाको यातनासिविरमा भएको यो पशुवत अत्याचार र निर्लज्ज पाश्वविक अपराध कर्म आफ्नै आँखा अगाडि देख्दा मलाई ज्यादै नरमाइलो महसुस भयो। विकास कमरेड र म दुबैजनाले खिन्नता प्रकट गर्यौं। मलाई यो विषयमा प्रहरी अधिकारीहरुसंग कुरा उठाउन मन लाग्यो। तर म बन्द कोठाको एउटा बन्दी थिए। कतिवेला को संग कुरा गर्ने ? कोहि आउछन र भनौ भनेर धेरै बेर प्रहरी अधिकारीहरु आउने बाटो कुरेर बसे तर कोहि पनि त्यता आएनन। पछि थाह भयो त्यो दिन प्रहरीहरुको नारायणगढ बजारमा सप्तरङ्गी कार्यक्रम भएकोले सबै त्यता गएका रहेछन। बेलुका आएपछि यो विषय राख्ने बिचारमा म थिए। तर करिब ४ बजे तिर एउटी प्रहरी बहिनीले हामीलाई लिन जिल्ला प्रहरीकार्यलयको भ्यान बाहिर आएको हुदा बाहिर निस्कन भनेपछि हामी यो विढम्वनापूर्ण नीयतिको मुर्दा साछि बनेर त्यहाँबाट प्रहरीको नियन्त्रणमा बन्दकोठामा लम्पसार पवन वोटेप्रति सहानुभुति प्रकट गर्दै त्यहाँबाट हिड्न बाध्य भयौं।

हिरासतवाट छुटेपछि पनि मेरो दिमागमा रातभर पवन वोटे आइरहयो। निक्कै रातीसम्म निन्द्रै लागेन। आखिर सुधार केन्द्रका मान्छे जिम्मा लिन आउदैछन भने पछि उनीहर आइनपुग्दै एउटा सामान्य मान्छेलाइ कुटेर मनोरन्जन लिने प्रहरी प्रशासन कसरी जनताको साथी हुन्छ हँ? आखिर राज्यले पवन वोटे जस्ता गरिब र वेरोजगार युवाहरुलाई स्वदेशमै रोजगारीको व्यवस्था गरिदिएको भए ऊ र ऊ जस्ता युवाहरु यसरी लागु औषधिको शिकर हुनु पर्थ्यो ? युवाहरु यसरी कुलतमा फस्नुमा राज्यको जनविरोधी नीति दोशी छैन ? के प्रहरीको यस प्रकारको यातनाको कारण नेपालमा लागु औषधिका कारोवारी घटेका छन ? कि झन झन बढेका छन ? त्यो रात यी र यस्तै प्रश्नले मलाई रात भर निन्द्र लागेन।

आज लागु औषधिको प्रयोगवाट पैदा हुने समस्याको मुल कारण देशमा कायम वेरोजगारको समस्या हो। वेरोजगार युवाहरुलाई राज्यले रोजगारीको व्यवस्था गर्दिने हो भने यो समस्या स्वतः समाधान भैहाल्छ। तर राज्यको ध्यान यतापट्टी नगएर प्रहरी लगाएर यातना दिने तिर गइरहेको छ। यसले राज्यलाई "म ताक्छु मुडो बन्चरो ताक्छ घुँडो" जस्तै बनाउदै लगेको छ। अब प्रश्न उठन सक्छ के वर्तमान दलाल संसदीय व्यवस्थावाट बेरोजगार सम्पूर्ण युवाहरुलाई रोजगारीको व्यवस्था गरेर युवाहरुलाई यो दुरावस्थावाट मुक्त गर्न सम्भव छ ? कुरो स्पष्ट छ कि त्यो काम यो दलाल संसदीय व्यवस्थावाट संभव छैन। त्यसैले त हामी भन्दै छौ नि यो व्यवस्थनको विकल्प खोज्न जरुरी छ। त्यो विकल्प भनेको नयाँ जनवादी क्रान्तिवाट स्थापना हुने जनताको जनवादी व्यवस्था नै हो जस्को जगमा टेकेर "योग्यता अनुसारको काम र काम अनुसारको दाम" को राजनीतिक मान्यतामा आधारित बैज्ञानिक समाजवादी व्यवस्थामा फड्को मार्न सकियोस।

## प्रचण्डले....

न्यौपानेले प्रचण्डको दस्तावेजलाई दक्षिणपन्थी संशोधनवादी भएको आफ्नो १० बुँदे फरक मतमा बताएका छन्।

प्रचण्डको दस्तावेज मार्क्सवाद-लेनिनवाद-माओवादको सैद्धान्तिक मान्यतामा आधारित नभएको, सारसंग्रहवादी, दक्षिणपन्थी अवसरवादी, संशोधनवादी रहेको टिप्पणी नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले गर्नुभएको छ। वर्गदृष्टि साप्ताहिक/मूलबाटो डटकमसँग संक्षिप्त कुराकानी गर्दै उहाँले प्रचण्डले भनेको समाजवादलाई 'प्रतिक्रियावादी समाजवाद'को संज्ञा दिनुभएको छ।

उहाँले भन्नुभयो, "प्रचण्डको दस्तावेज एकातिर पुरानो सत्ता, व्यवस्था र संविधानको संरक्षण, अर्कोतिर दक्षिणपन्थी अवसरवादको सम्मिश्रणको रुपमा आएको छ।"

मार्क्सवाद, लेनिनवाद र माओवाद भनेर दस्तावेजमा उल्लेख गरेपनि 'माओवाद' देखाउन र भ्रम छर्नका लागि मात्र प्रयोग गरिएको उहाँको दाबी छ। उहाँ भन्नुहुन्छ, "ओलीसँग एकता गर्दा 'माओवाद' फालिएको थियो। अदालतले माओवादी केन्द्र ब्युँताइदिएपछि 'माओवाद' राखिएको हो। देखावटी रुपमा मात्र प्रचण्डले 'माओवाद'को प्रयोग गरेका हुन्।"

शान्तिपूर्ण रुपमा समाजवादको स्थापना गर्ने भनेर प्रचण्डले दस्तावेजमा मार्क्सवादविरोधी कुरा गरेको भन्दै उहाँ भन्नुहुन्छ, "कम्युनिस्ट घोषणा पत्रमा मार्क्सले प्रतिक्रियावादी समाजवाद, सुधारवादी समाजवादको चर्चा गर्नुभएको छ। हो प्रचण्डले भनेको समाजवाद त्यस्तै प्रतिक्रियावादी समाजवाद हो। सर्वहारावर्गीय समाजवाद होइन। मार्क्सवाद-लेनिनवाद-माओवादको सैद्धान्तिक पथप्रदर्शनमा स्थापिम गरिने समाजवाद भनेको सर्वहारावर्गीय समाजवाद हो। त्यस्तो समाजवाद सर्वहारावर्गको नेतृत्वमा सर्वहारावर्गको सत्ता (वैज्ञानिक समाजवाद) स्थापना गरिन्छ। त्यो भनेको शान्तिपूर्ण रुपमा होइन, वर्गसंघर्षको बाटोबाट स्थापित हुने हो। शान्तिपूर्ण रुपमा समाजवादको स्थापना गर्ने भन्नु सरासर मार्क्सवादविरोधी कुरा हो। वर्गसंघर्षलाई मार्क्सवादले सार्वभौम सिद्धान्त मानेको छ।"

प्रचण्डले वकालत गरेको समाजवादलाई महासचिव किरणले कांग्रेसको जस्तो प्रतिक्रियावादी, सुधारवादी, सारसंग्रहवादी समाजवादको संज्ञा दिनुभएको छ। उहाँ भन्नुहुन्छ, "कांग्रेस, राप्रपा, एमाले र प्रचण्डले भनेको समाजवादमा केही फरक छैन। त्यस्तो समाजवाद स्थापित गर्न किन माओवादी केन्द्र नामको पार्टी चाहियो, त्यसका लागि कांग्रेस नै खाँटी छँदैछ नि !'

राष्ट्रिय स्वाधीनताको कोणबाट हेर्दा प्रचण्डको दस्तावेजलाई कस्तो पाउनु भयो ? भन्ने प्रश्नमा महासचिव किरण भन्नुहुन्छ, "नेपालको स्वाधीनतामाथि विगत लामो समयदेखि भारतीय विस्तारवादले सीमा अतिक्रमण र आन्तरिक मामिलामा हस्तक्षेप गर्दै आएको छ। लिम्पियाधुरा-लिपुलेक-कालापानीमाथि अहिले पनि कब्जा जमाइराखेको छ। नेपालको नक्सामा समेटिएपनि उक्त भूमि फिर्ताको विषय राष्ट्रिय स्वाधीनताको प्रमुख विषय हो। यो विषय प्रचण्डले दस्तावेजमा उल्लेख नै गरेका छैनन्। एमसीसी सम्झौताको विषयमा पनि प्रष्ट धारणा आएको छैन। स्वाधीनता र राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको कुरा गर्दा अमेरिकी साम्राज्यवादको अर्थनीति उदारवादका विरुद्ध लड्न जरुरी हुन्छ। त्यसका विषयमा पनि प्रचण्डको दस्तावेजमा ठोस कुरा केही पनि उल्लेख छैन।"

राष्ट्रिय स्वाधीनताका दृष्टिबाट हेर्दा प्रचण्डको दस्तावेजलाई महासचिव किरणले राष्ट्रिय आत्मसमर्पणवादी रहेको ठहर गर्नुभएको छ। स्वतन्त्र राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नका निम्ति नवउदारवाद र दलाल पुँजीवादका विरुद्धको संघर्ष अपरिहार्य हुने उहाँको कथन छ।

उहाँ भन्नुहुन्छ, "प्रचण्डको दस्तावेजमा वित्तीय पुँजीवादको विरोध पनि टालटुले खालको छ। राष्ट्रिय पुँजीवादको विकासको कुरा गरे पनि सारतः दलाल पुँजीपति वर्गलाई संरक्षण गर्ने विचार र दृष्टिकोण रहेको देखिन्छ। प्रचण्डका थुप्रै कुराहरु अमूर्त छन्।"

प्रचण्डको दस्तावेजका विरुद्ध फरक मतको रुपमा आएका प्रस्तावहरु खासगरी लेखनाथ न्यौपानेको प्रस्ताव ठिकै भए पनि त्यो मतले अहिल्यै माओवादी केन्द्रमा ठूलो बहसको सिर्जना गर्ने र रुपान्तरण गर्ने स्थिति नदेखिएको उहाँको भनाइ छ।

भनेपछि माओवादी केन्द्र संसदीय धारबाट बाहिर आउने देख्नुभएन ? भन्ने प्रश्नमा महासचिव करिण भन्नुहुन्छ, "प्रचण्डको यो दस्तावेजबाट त माओवादी केन्द्र अझ मजबुत रुपमा संसदीय व्यवस्थाको बफादार बन्ने देखिएको छ। शान्तिपूर्ण रुपमा समाजवादको स्थापना गर्ने भनेर प्रचण्डले पार्टीलाई खाँटी संशोधनवादी पार्टीको रुपमा स्थापित गरेका छन्। अब उहाँहरुको लडाइँ भनेको कांग्रेस र एमालेको भाग खोस्ने हो। कांग्रेस, एमाले र माकेको समाजवादको नारा एउटै भएपछि अब उनीहरुलाई अप्ठ्यारो परेको छ।"

प्रचण्डले एउटा संशोधनवादी बुर्जुवा पार्टीले जे जे भन्दा कार्यकर्ता र जनतालाई आफ्नो पक्षमा पार्न सकिन्छ, त्यही र त्यस्तै शब्द र शब्दावलीहरु दस्तावेजमा प्रयोग गरेका छन्। ४५ पेज लामो दस्तावेज शब्दजालले भरिएको छ। भन्ने तर नगर्ने पात्रको रुपमा बद्नाम प्रचण्डको दस्तावेज सारतत्वमा नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले भनेजस्तै प्रतिक्रियावादी, संशोधनवादी, दक्षिणपन्थी अवसरवादी र सुरधारवादी रहेको छ। नयाँ विचार र क्रान्तिको नाममा प्रचण्डले छरेका भ्रमबाट सच्चा कम्युनिस्ट क्रान्तिकारीहरु अब भ्रमित हुने छैनन्।

## आलोपालो

# ८ बुँदे फरक मतसहित लेखनाथ न्यौपानेले भने- प्रचण्डको प्रतिवेदन दक्षिणपन्थी संशोधनवादी



काठमाडौं । नेकपा (माओवादी केन्द्र)को जारी आठौं महाधिवेशनमा पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रस्तुत गरेको ४५ पेज लामो प्रतिवेदनमाथि फरक मत राख्ने नेताहरु बढिरहेका छन् ।

नेता राम कार्की, हरिबोल गजुरेल र लेखनाथ न्यौपानेले फरक मत लिखित रुपमा नै प्रस्तुत गरेका छन् । पार्टीका केन्द्रीय सदस्य लेखनाथ न्यौपानेले ८ बुँदे लिखित फरक मत प्रस्तुत गर्दै अध्यक्ष प्रचण्डको प्रतिवेदन दक्षिणपन्थी संशोधनवादी भएको आरोप लगाएका छन् ।

उनले महाधिवेशनको अर्थ, मुल्य र गुरुत्व जनु हुन्छ त्यो अनुसार विषय र नीतिको कोणबाट प्रचण्डको प्रतिवेदन प्रतिवेदनको समग्र तहमा संगठित नभएको, विचार, दृष्टिकोण र दिशामा सातौं महाधिवेशनको प्रतिवेदनभन्दा पछाडि फर्किएको र यो प्रतिवेदनले आजका भित्री र बाहिरी समस्याहरुको हल दिन सक्दैन भन्दै यो प्रतिवेदनले वाम बाटो नसमातेको र दक्षिणपन्थी संशोधनवादी दिशा सोझिएको बताएका छन् ।

न्यौपानले समूहगत छलफलका क्रममा आफ्नोतर्फबाट ८ बुँदामा केन्द्रित रहेर फरक मत राखेका हुन् । प्रचण्डको दस्तावेजमा आधारभूत विषयहरू अपुग रहेको र महाधिवेशनको दस्तावेजले स्वरुप ग्रहण गर्न नसकेको भन्दै न्यौपानेले फरक मत राखेका हुन् ।

फरक मत

हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को आठौं महाधिवेशन (पुष ११- १५, ०७८) मा अध्यक्ष कमरेड प्रचण्डले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदनमाथि निम्न विषयमा म लेखनाथ न्यौपाने फरक मत राख्दछु ।

१. महाधिवेशनको अर्थ, मुल्य र गुरुत्व जुन हुन्छ त्यो अनुसार विषय र नीतिको कोणबाट यो प्रतिवेदन, प्रतिवेदनको समग्र तहमा संगठित छैन । विचार, दृष्टिकोण र दिशामा सातौं महाधिवेशनको प्रतिवेदनभन्दा पछाडि फर्किएको यो प्रतिवेदनले आजका भित्री र बाहिरी समस्याहरुको हल दिन सक्दैन । कि अध्यक्ष कमरेडले लेख्नुभएको हुनाले जस्तो भएपनि प्रतिवेदनकै स्तरमा आएको छ भन्नु पऱ्यो कि त सम्मेलनको तयारीको अन्तिम क्षणमा महाधिवेशन भन्ने निर्णयको परिणाम भन्नु पर्यो । नत्र यो प्रतिवेदनले महाधिवेशनको गरिमा र ओज बोक्दैन ।

२. यो प्रतिवेदन माथिमाथि उडान गरेको तर जमिनमा खुट्टा टेकेको छैन । जमिनमा खुट्टा टेकाउनको लागि नेपाली समाजको आजको चरित्र अथवा अन्तरविरोधहरु, वर्गहरुवीचको सम्बन्ध र संघर्ष, उत्पादन प्रणाली, उत्पादनका साधनमाथिको स्वामित्व र वितरण प्रणालीबारे अनिवार्य विश्लेषण हुनुपर्छ । त्यसैगरी तीब्र रुपमा भइरहेको आन्तरिक बसाई सराई र यसले उत्पादन र राजनीतिक आन्दोलनमा पारेको दोहोरो

बाँकी ३ पेजमा

# वर्षा र हिमपातका कारण जनजीवन कष्टकर, यातायात अवरुद्ध

काठमाडौं । वर्षा तथा भारी हिमपातका कारण हिमाली जिल्लाहरु लगायत देशभरकै जनवीवन कष्टकर भएको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार यतिबेला देशका धेरैजसो स्थानमा वर्षा भइरहेको छ भने हिमाली तथा उच्च पहाडी क्षेत्रमा हिमपात भइरहेको छ ।

वर्षा र हिमपातका कारण ठाउँठाउँमा यातायात बन्द भएको छ भने चिसो बढ्नाले खासगरी हिमाली जिल्लाको जनजीवन निकै कष्टकटर बन्न पुगेको छ ।

यसैबीच, आज दिउँसो तथा राति पनि वर्षा र हिमपात जारी रहने सम्भावना रहेकाले होसियारी अपनाउन आम नगारिकलाई आग्रह गरेका छन् । राजधानीको प्रमुख पर्यटकीयस्थल चन्द्रागिरि डाँडामा हिमपात भएको छ । रातभर वर्षासँगै आज बिहानैदेखि चन्द्रागिरि डाँडामा हिमपात भइरहेको हो ।

काठमाडौं उपत्यकामा पनि बिहानैदेखि वर्षा भइरहेको छ । महाशाखाले आज ९बुधबार० बिहान ६ बजे प्रकाशन गरेको मौसम पूर्वानुमान बुलेटिनअनुसार दिउँसो पनि देशभर सामान्यदेखि पूर्णतया बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना छ । यसैगरी उच्च पहाडी तथा हिमाली भेगका धेरै स्थानमा हल्कादेखि मध्यम हिमपात हुने सम्भावना छ ।

आज राति पनि देशभर सामान्यदेखि पूर्णतया बदली रहनेछ । देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना छ । देशका उच्च पहाडी तथा हिमाली क्षेत्रका धेरै स्थानमा हल्कादेखि मध्यम हिमपात हुने सम्भावना छ ।

मौसम महाशाखाका अनुसार हाल देशमा पश्चिमी न्यून चापीय प्रणालीको प्रभाव छ । यसैका कारण देशभर मौसम बदली तथा वर्षा र हिमपात भइरहेको हो ।


- जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ।
- सावधानीपर्वक सवारीसाधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ती बालेर मात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड








प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : हुकुमबहादुर सिंह, सम्पादक : इन्द्रबहादुर राउत, फोटोः जय दाहाल, कार्यालय : काठमाडौं-१०, बुद्धनगर सम्पर्क नं. : ९८५१०७६८६४, ०१-५२६०११२ इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।